म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३३ शुक्रबार १५ भदौ २०८० ने. सं. ११४३ गुलात्थ्व 1 September 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बज्रवाराही चौर स्तरीकरण गरिँदै

हेटौंडा, १४ भदौ/थाहा नगरपालिका वडा नम्बर ६ मा रहेको बज्रवाराही चौरको स्तरीकरण थालिएको छ । उत्तरी मकवानपुरकै प्रसिद्ध मन्दिर बज्रवाराही मन्दिरसँगै रहेको चौरमा चाइनिज दुबो लगाइएको छ । थाहा नगरपालिका वडा नम्बर ६ को कार्यालयले आठ हजार वर्गफिट क्षेत्रफलमा चाइनिज दुबो लगाएको हो । दुबो खरिद गरी स्थानीयको जनश्रमदानमा दुबो लगाइएको बताउँदै वडाध्यक्ष राजेन्द्रभक्त श्रेष्ठले चौरको आधा भागमा प्राकृतिक रैथाने दुबो रहेकाले त्यसलाई नै फैलने वातावरण निर्माण गरिने जानकारी दिए । दुबो लगाउन मात्र तीन लाख खर्च हुने देखिएको छ र तीन लाख रुपैयाँ चौरको संरक्षण गर्न लागेको बताइएको छ । चौरमा अशोकलगायत बिरुवा लगाएर चौरको सौन्दर्यीकरण गर्ने योजना रहेको उनले जानकारी दिए । बज्रवाराही मन्दिरमा हरेक तीनवर्षमा लाग्ने जात्रा भर्न आएकाहरु सोही चौरमा नै जम्मा भएर भजनकीर्तन र शुभकामना आदानप्रदान गर्छन् ।

# बर्खामा ग्रामीण विद्यार्थी र विद्यालयको सम्पर्क टुट्दै

साझाकुरा संवाददाता

हेटौंडा, १४ भदौ/ मकवानपुरको बकैया गाउँपालिका वडा नं. १२, धेत्रेदमारको कालाभैरव प्राथमिक विद्यालयको कक्षा ३ मा अध्ययनरत विकास विकलाई बर्खा लागेपछि पढाई छुट्ने चिन्ता हुन्छ । विद्यालय जान कापी, किताब तयारी अवस्थामा राखेपनि पानी परेपछि विद्यालय जान नसक्दा उनलाई पढाई छुट्ने चिन्ता सधैं रहन्छ ।

बर्खा लागेपछि प्रत्येक वर्ष यहाँका विद्यार्थीलाई विद्यालय पुग्न कठिन छ । विकाससँगै पढ्ने साथीहरुको पनि उस्तै चिन्ता छ । कक्षा ३ मा अध्ययनरत अजिङ्गरेका बिनिसा जिम्वा र कक्षा २ मा अध्ययनरत चुवारपाखाका विकास भ्लोनलाई पनि बर्खा लागेपछि विद्यालय जान र साथीहरु भेट्न नपाउने चिन्ताले पिरोल्ने गरेको छ । पानी परेपछि कक्षा २ मा अध्ययनरत धेत्रेका विक्रम स्याङतान, कक्षा १ मा अध्ययनरत विवेक स्याङतान र बालविकास कक्षामा अध्ययन गर्ने मुना विक सबैको पढाई छुट्ने गरेको छ ।

भौगोलिक विकटताका कारण मकवानपुरका ग्रामीण क्षेत्रका धेरै विद्यालयमा बालबालिका अध्ययन गर्न आउन सक्दैनन् । पछिल्लो ६ वर्षको अवधिमा ग्रामीण क्षेत्रमा सडक पूर्वाधार प्रशस्त निर्माण भएपनि पुल बन्न नसक्दा बर्खामासमा यातायात संचालन हुन सकेका छैनन् । बाह्रमास सडक संचालन हुनेगरी निर्माण गर्ने भन्दा पनि हिउँदयामलाई मध्यनजर गरेर गरिएका सडकमा बर्षातको समयमा समस्या आउने गरेको छ । यस्तै समस्याका कारण पानी परेपछि बकैया-१२ का विद्यार्थी नियमित अध्ययन गर्न आउन नसकेको विद्यालयका प्रधानाध्यापक चेतबहादुर घलेले बताए ।

सिमात खोलाको शिरानबाट आएको धेत्रेखोलामा पुल नहुँदा विद्यार्थी



विद्यालय जानबाट वञ्चित हुनु परेको हो । पानी परेपछि विद्यालय जान शिक्षक, शिक्षिका, विद्यार्थी सबै वारीतर्फ नै रोकिनुपर्ने बाध्यता छ । 'खोला सानो हुँदा कहिले अभिभावक त कहिले शिक्षकले नै विद्यार्थीलाई तारेर वारीपारी लगिदिनुहुन्छ,' विद्यालयका प्रअ घलेले भने, 'बकैया-१२ गोदामडाँडा निवासी कार्यालय सहयोगी कविता लिम्बु बर्खा लागेपछि १० बजेअघि खोलामा पुग्छिन् विद्यार्थीलाई बर्खाको खोला तारेर लैजाने दैनिकी बनेको छ ।

'विद्यार्थीका अभिभावकले बर्खाको बेला बालबालिका पठाएपछि फोन गर्नुहुन्छ,' प्रअ घलेले भने । कार्यालय सहयोगी खोलामा पसेर विद्यार्थीलाई तारिदिन्छिन् । कार्यालय सहयोगी मात्रै होइन, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विजय घिसिङ पनि बर्खा लागेपछि बेलाबेला खोलामा पुग्छन् । धेत्रे खोलामा झोलुङ्गे पुल नहुँदा समस्या छ, ठुलो पानी पर्दा विद्यालय वारिपारी हेरेर बस्ने काम मात्रै हुन्छ, विद्यालयका प्रअ घलेले बाध्यता पोखे ।

विद्यार्थीलाई खोला तरेर विद्यालय पुग्दा भिजेकै कपडामा अध्यापन गराउनुपर्ने अवस्था रहेको प्रअ घलेको भनाइ छ । वर्षातमा मौसम हेरेर कहिलेकाहीं त बीचमा नै विद्यालय छोडेर विद्यार्थीसहित खोला तरिहाल्नुपर्ने बाध्यता रहेको प्रअ घलेले सुनाए । कतिपय बालबालिका त खोलाको जोखिमकै कारण विद्यालय नआउने गरेको उनको भनाइ छ । स्थानीय, अभिभावक तथा विद्यालयका प्रअले झोलुङ्गे पुल नहुँदा विद्यार्थी विद्यालय आवतजावत गर्न समस्या परेको पालिका तथा वडालाई जानकारी गराए पनि झोलुङ्गे पुल निर्माण गर्न सरोकारवाला निकायले चासो नदेखाएको गुनासो छ ।

बकैया-१२ का वडाध्यक्ष ज्ञानेन्द्र बजगाईंले वडामा सामान्य बजेट हुने हुँदा वडा तहबाट पुल निर्माण गर्न नसकेको बताए । विभिन्न गैरसरकारी संस्थाले विद्यालय जोड्ने झोलुङ्गे पुल निर्माण गरिदिने प्रतिबद्धता र बचन दिएपनि कसैले पनि कार्यान्वयन नगरेको उनको भनाइ छ । 'पुल नहुँदा विद्यार्थीलाई विद्यालय जान समस्या भएको छ, समस्या समाधान गर्न पालिकासँग पनि समन्वय गरेको हुँ तर, समस्या समाधान गर्न सकिएको छैन' उनले भने ।

बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले राडो नेपाल नामक संस्थाले पुल निर्माण गरिदिने प्रतिबद्धता जनाएपनि प्रक्रियागत समस्याले संस्थाले यस आवमा पुल निर्माण गर्न नसक्ने भएको जानकारी दिए । पुल निर्माणका लागि सम्बन्धित ठाउँमा कर्मचारीले पुरानो फाइल पठाइदिँदा पुल निर्माण कार्य प्राथमिकतामा पर्न नसकेको उनको भनाइ छ । पालिकास्तरबाट प्रदेशका सम्बन्धित मन्त्रालयसँग आग्रह गरिएपनि खासै चासो र प्राथमिकता नदिएको उनको गुनासो छ ।

२०७२ सालको भूकम्पले जीर्ण बनेको विद्यालय संरचना चाईल्ड रेस्क्यु नेपालको आर्थिक सहयोग इस्थर बेन्जामिन्स स्मृति संस्थाको व्यवस्थापनमा करिब एक वर्ष पहिले २ कोठे विद्यालय भवन, बालमैत्रीको खानेपानीको धारा तथा शौचालय इस्थर बेन्जामिन्स मेमोरियल नामक संस्थाले निर्माण गरि दिएको थियो । २०५३ सालमा प्लान नेपालले स्थापना गरिदिएको यस विद्यालय २०६१ मा तत्कालीन जिल्ला शिक्षा कार्यालयबाट अनुमति लिई सञ्चालनमा रहेको छ ।

विद्यालयमा हाल २३ जना विद्यार्थी अध्ययनरत छन् । बकैयाको धेत्रे, चुवारपाखा, गोदामडाँडा, अंजिगरे लगायतका स्थानबाट विद्यार्थी करिब ४५ मिनेट पैदलै विद्यालय पुग्छन् । बालविकासदेखि ३ सम्म अध्ययन गरेपछि यहाँका विद्यार्थी कान्ति मावि ठिंगन, कालिदेवी आधारभूत विद्यालय र श्री प्रावि कोलखोपमा जाने गर्छन् । तामाङ र दलित समुदायको बाहुल्यता, भौगोलिक विकटता रहेको यस क्षेत्रमा बीचैमा पढाई छाड्ने समस्या पनि उत्तिकै छ ।

## दिगो विकास लक्ष्यको दृष्टिकोणमा तीव्रता बारे गोष्ठी

साझाकुरा संवाददाता

हेटौंडा, १४ भदौ/ हेटौंडामा दिगो विकास लक्ष्यको दृष्टिकोणमा तीव्रता सम्बन्धी कार्यशाला गोष्ठी आयोजना गरिएको छ ।

बागमती प्रदेश सरकार र प्रदेशभित्रका स्थानीय तहका जनप्रतिनिधिहरुसँग राष्ट्रिय योजना आयोग, बागमती प्रदेश नीति तथा योजना आयोग र संयुक्त राष्ट्र संघले संयुक्त रुपमा दिगो विकास लक्ष्यका लागि छलफल गरेका हुन् । २०२३ सेप्टेम्बरमा हुने दिगो विकास लक्ष्य शिखर सम्मेलनको पूर्वतयारीको रुपमा नेपालको दिगो विकास लक्ष्यको प्रगति स्थिति समिक्षा गर्ने, सन् २०३० सम्मको लक्ष्य प्राप्त गर्न प्राथमिकता क्षेत्रहरुको पहिचान गर्ने र सन् २०२६ सम्मको लक्ष्य प्राप्त गर्न आवश्यक तीव्रता लिन कार्यदिशा तयार गर्नेछ ।

यसले दिगो विकास लक्ष्यको प्रगतिलाई गति दिने प्रयासहरुलाई प्रादेशिक र स्थानीय सरकारहरु, नीति निर्माता, निजी क्षेत्र, नागरिक समाज र विकास साझेदारहरु लगायत बहुसरोकारवालाहरुको सहकार्यमा विभिन्न कार्यक्रम संचालनमा रहेका छन् । बागमती प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष प्राध्यापक डाक्टर नर बिक्रम थापाको अध्यक्षतामा भएको कार्यक्रममा आयोगका सदस्य किरणप्रसाद गजुरेल, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, हेटौंडा उपमहा नगरपालिकाका मेयर मिनाकुमारी लामालगायतको आतिथ्यता थियो ।

# सुनाचुरी वनको नवनिर्मित भवन उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, १४ भदौ/ जिल्लाको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिका-६ मा रहेको सुनाचुरी सामुदायिक वन उपभोक्ता समूहको नवनिर्मित भवन उद्घाटन गरिएको छ ।

कूल ६५ लाख लागत रहेको भवन वन समूहका पदाधिकारी र उपभोक्ताहरुको सक्रियताका कारण ५३ लाखमै निर्माण सम्पन्न भएको हो । भवनको बागमती प्रदेश सरकारकी वन तथा वातावरण मन्त्री मसिना खड्का भण्डारीले उद्घाटन गरेकी छन् । मन्त्री खड्काले वन जोगाउने अभियानमा लाग्नका लागि सबै पक्षलाई आग्रह गरेकी छन् । वर्तमान पुस्ताले मात्रै वन उपभोग गरेर नहुने र आउने पुस्तालाई पनि वन र प्राकृतिक स्रोत हस्तान्तरण गर्नेगरी संरक्षणमा लाग्नुपर्नेमा खड्काको जोड छ । मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले सामुदायिक वनको आफ्नै भवन निर्माण हुनु खुसीको कुरो भएको बताए ।

डिभिजन वन कार्यालय राप्तीका प्रमुख बिष्णुप्रसाद आचार्यले बागमती प्रदेशमा मात्र नभई देशमै राप्ती डिभिजन वन कार्यालयलाई स्रोत केन्द्रको रुपमा विकास गर्दै लगिएको दाबी गरे । चिउरी, दार,



छतिवन, निम, सतिसाल, सालक संरक्षणलगायतका काममा डिभिजन वन राप्ति देशमै नमूना बन्दै गइरहेको आचार्यको भनाई छ । जनमैत्री र जनमुखी विकास प्रक्रियालाई अंगिकार गरेर कार्यक्रमहरुलाई भूँइमान्छेसम्म पुऱ्याउने प्रयत्न भइरहेको उनले बताए ।

समूहकी अध्यक्ष पार्वती मुक्तान तामाङको सभाध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष युवराज थपलिया, भवन निर्माण अनुगमन समितिका यदुनाथ श्रेष्ठलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

भवन उद्घाटन कार्यक्रम पछि सुनाचुरी सामुदायिक वन उपभोक्ता समूहको क्षेत्रमा निर्माण भएको शवदाह गृह र घाटगद्दीको समेत मन्त्री खड्काले अनुगमन गरेकी छन् । सोही अबसरमा पशुपति सामुदायिक वन उपभोक्ता समूह मनहरी-७ रमन्टारस्थित दिगो वन व्यवस्थापनको ब्लकमा समेत मन्त्री खड्काले अनुगमन र अवलोकन गरिन् । दिगो वन व्यवस्थापनका बारेमा वन प्राविधिक राकेशप्रसाद चन्द्रबंशी, विशाल भट्टराईसहितको टोलीले मन्त्री खड्कालाई जानकारी गराएका थिए ।

## ज्यामिरेमा निकालियो गाइजात्रा



साझाकुरा संवाददाता

हेटौंडा, १४ भदौ/ मनहरी गाउँपालिका-९ ज्यामिरेमा गोपाली नेवा एकता समाजले जनैपूर्णिमाको दिन गाइजात्रा निकालेको छ ।

यस बर्ष दिवंगत हुनु भएकी चन्द्रमाया जोशीको सम्झनामा गाइजात्रा निकालिएको हो । हरेक पटक गाइजात्रा मनहरी बजारसम्म प्रस्तुत गर्ने गरिएकामा यसबर्ष जंगलेश्वर महादेव मन्दिर परिसरमा पुगेर विधि पूरा गरिएको गोपाली नेवा एकता समाजका कमल गोपालीले बताए ।

गाइजात्रामा स्थानीय नेवार समुदायले धिमेबाजा, व्यंग्यात्मक पोशाकयुक्त प्रस्तुति सहितको व्यवस्थापन गरिएको थियो ।






साझाकुरा

## हाम्रो कुरा

# संकटमा पर्दै महादेवको ऐतिहासिक नगरा

मकवानपुरको थाहा नगरपालिकाको अंगारेस्थित धार्मिक धरोहर पाण्डुकेश्वर महादेव मन्दिरमा बजाइँदै आएको नगरा संकटमा पर्दै गएको छ । स्थानीय बुढापाकाहरुका अनुसार नगरा बजाउने चलन भीमसेन थापाको पालादेखि चलिआएको हो । ऐतिहासिक महत्वका बिषयमा स्थानीयको चासो पनि घट्दै गएको कारण परम्परा नै संकटमा पर्दै गएको हो । नगरा बजाउने परिवारले निकै न्यून आर्थिक सहयोग पाउँदै आएका कारण घर परिवार धान्न मुस्किल परेकाले उनीहरुको पेशासँगै नगरा बजाउने कार्य नै संकटमा परेको हो । हजुरबुवाको पालादेखि बिहान पूजाको समय र बेलुका आरतीको समयमा समय संकेत गर्न नगरा बजाउने काम गरिरहेका मनहरि परियारका परिवारले जेनतेन धानेका छन् । उनी बिरामी भएका बेला उनका दाजुभाइ र छोराहरुले नगरा बजाउने गरेपनि उनीहरु सन्तुष्ट छैनन् । पहिले करिब ३० रोपनी गुठीको जग्गाको धनी रहेको पाण्डुकेश्वर क्षेत्र विकास समितिसँग अहिले कुनै पनि जग्गा छैन । नगरा लगाएबापत पाण्डुकेश्वर मन्दिरले मनहरिका परिबारलाई खासै आर्थिक उपलब्धी दिएको छैन । ज्याला मजदुरी गरेर परिबार धानिरहेका मनहरिका छोराहरु पनि यो पेशा छोडेर पालुङ भन्दा बाहिर लागिसकेका छन् ।

मनहरिका पूखदिखि नै पाण्डुकेश्र मन्दिरको जग्गामा घर बनाएर बसेका मनहरिले हरेक बिहान र बेलुका ५/५ मिनेट नगरा बजाएर संस्कृति जोगाउने काम गरिरहेका छन् । केही वर्षअघिसम्म पाण्डुकेश्वर मन्दिर विकास समितिले मासिक १ हजार रुपैयाँ पारिश्रमिकबापत मनहरिलाई दिने गरेको थियो । मनहरिको बाबुको पालासम्म हरेक बिहान-बेलुका ५/५ मिनेटसम्म नगरा बजाउने चलन रहेको स्थानीय बताउँछन् । पाण्डुकेश्वर एकमात्र त्यस्तो मन्दिर हो जहाँ महादेवको पूजा र आरतीमा नगरा बजाउने चलन छ । मकवानपुरको अन्य शिब मन्दिरमा नगरा बजाउने चलन नभएको संस्कृतिबिद्हरु बताउँछन् । सरकारी नीतिअनुसार पाण्डुकेश्वरको गुठीको जग्गा राजस्व तिरेर व्यक्तिहरुले आफ्नो नाममा दर्ता गरेका कारण समितिलाई आर्थिकरुपमा संकट उत्पन्न भएको समितिले जनाएको छ । पैसा छैन, समितिले चन्दा उठाएर र सप्ताह चलाएर आर्थिक सहयोग जुटाउँदै आएको छ । नगराको निरन्तरता दिन समितिलाई गाह्रो भएको छ । नगरा बिग्रिएको बेला मर्मतमा लगाउने वा नयाँ खरिद गर्ने बजेट जुटाउन समस्या पर्ने गरेको समितिको गुनासो छ । स्थानीय भद्रतीर्थदेखि मन्दिर छेउसम्म पाण्डुकेश्वर खोलाको ढुँगा निकाल्नका लागि मनहरिलाई मात्र अनुमति स्थानीयले दिएका छन् । त्यही ढुँगा उत्खनन् गरेर गिट्टी कुटेर मनहरिको परिबारको गुजारो चल्दै आएको छ ।

जिल्लाभरि छरिएर रहेका मन्दिरको संरक्षणका लागि एउटा गुरुयोजना नै बनाउनुपर्ने थियो । मकवानपुरमा स्थापित मन्दिरहरु प्राकृतिक सौन्दर्यले भरिपूर्ण, ऐतिहासिक, पौराणिक महत्व रहेको र यसबाट धार्मिक पर्यटन प्रबर्द्धन पनि हुने अपेक्षा गरिएको छ । धार्मिक पर्यटनलाई अझ फराकिलो पार्ने हो भने बाटोघाटो र मठमन्दिरलाई व्यबस्थित पार्नुपर्ने सरोकार वालाहरु बताउँछन् । धार्मिक पर्यटनको दृष्टिले मकवानपुर प्रचुर सम्भावना बोकेको ठाँउ हो भन्ने कुरामा कसैको दुई मत छैन । देवस्थल वरिपरि मलमूत्र त्याग गर्ने, मन्दिर हातामा पशुपंक्षी छाड्ने, अश्लील शब्द लेख्ने, फोहर गर्ने क्रम रोकिएको छैन । सनातन परम्परा जोगाएर आउने पुस्तालाई हस्तान्तरण गर्ने कार्यमा स्थानीय सरकारको पनि ध्यान पुग्नु जरुरी छ । स्थानीय सरकारले थोरै ध्यान दिने हो भने परम्पराको निरन्तरतामा खासै समस्या आउनेवाला छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० भदौ १६ गते शनिबार २ सेप्टेम्बर २०२३ । तृतीया, भाद्र कृष्णपक्ष । गुँलागा ११४३ ने.सं. । सूर्योदय ५:४३, सूर्यास्त ६:२२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सामाजिक काममा रुचि बढ्नेछ | तुला | : प्रतिष्ठित काम गर्ने मौका छ |
| वृष | : यात्रामा कष्ट मिल्नेछ | वृश्चिक | : आत्म-विश्वास बढ्नेछ |
| मिथुन | : त्रासमय दिन हुनेछ | धनु | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ |
| कर्कट | : खानपिन राम्रो हुनेछ | मकर | : पारिवारिक जमघट हुनेछ |
| सिंह | : शरीरमा बाधा पुग्न सक्नेछ | कुम्भ | : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ |
| कन्या | : मन पर्ने उपहार पाइने योग छ | मीन | : कामबाट फुर्सद मिल्नेछ |

# प्रदेशको औचित्य पुष्टि गर्ने कि ?



कुलचन्द्र वाग्ले

संविधान बन्दा ताका नै प्रदेशको विरोध थियो तर अत्यन्त झिनो स्वरमा । त्यही सानो स्वरमा भनिन्थ्यो - नेपालको लागि प्रदेश संरचना आवश्यक छैन । विकल्पमा संघ (केन्द्र) र स्थानीय तह भए पुग्छ । प्रदेशको काम छैन । अनावश्यक खर्चमात्रै हुन्छ ।

कतिऔं संख्यामा प्रदेश मागियो । तराईमा त 'एक मधेस एक प्रदेश' पनि भनियो । आन्दोलनको रापताप थियो । प्रदेश संरचनामा जानैपर्ने भयो । देशले सात प्रादेशिक संरचना पायो । मधेश प्रदेश पनि बन्यो ।

माओवादी हिंसाचारको बेला यसका नेता जहाँ जान्थे त्यहीं राज्य दिने बोलकबोल गर्थे । जता पुग्थे जातीय र क्षेत्रीय राज्य बाँड्ने आश्वासन दिन्थे । पहिचानको गफ गर्थे । त्यतिबेला तिनलाई सायद राष्ट्रिय दायित्व बोध थिएन । केबल आफ्नो जनमत बढाउने वा जनमन भाँड्ने उद्देश्यबाट प्रेरित थिए । हिंसायुद्धको बेला के थिए ती ? अहिले के, कस्ता भए ?

तराईमधेसले व्यग्ररूपमा प्रदेश मागेकै हो । तराईमधेसमा भएको आन्दोलनले प्रदेशको मागलाई स्थापित पनि गऱ्यो । संविधान सभाले संविधानमा सात प्रदेश बनायो पनि । मधेसमा आठ जिल्ला समेटिएको मधेस प्रदेश बन्यो । पहिचानको सबाल जायज हो । स्थापित हुनुपर्छ । तर, यही विषयलाई अराजकता, असहिष्णुता र विभेदको कारण बनाइनु हुँदैन । आगत सुधार गर्नुपर्छ ।

सुरुमा प्रदेशको पक्षमा जनमत व्यापक नै थियो । देशको केन्द्रीकृत अधिकार सबै प्रदेशमार्फत सबै नागरिकमा बाँडिनु न्यायिक हुने ठानेकै हो । एकात्मक शासन र केन्द्रीकृत अधिकारको कारण अवसर, साधन र स्रोत केही सम्भ्रान्त वर्गमा सीमित थियो । नारायणहिटी र सिंहदरबारमा केन्द्रित । यो आवस्था वा राज्य शोषण अन्त्य गर्न प्रदेशहरू चाहिने नै निष्कर्ष नेपाली समाजको ठूलो हिस्साको रह्यो ।

प्रदेशको कल्पना व्यर्थ थिएन । ठीक थियो । कल्पनामा अझै पनि ठीक छ । तर, ठीक हुने त काम वा परिणामले हो । यो चाहिँ अर्थात् काम र परिणाम शून्यकै बराबर छ अझ प्रत्युत्पादक पो छ । त्यत्रो जनमत अहिले प्रदेशको खिलाप हुँदैगएको छ । किन ? मानिसलाई प्रदेशहरूको खर्च अनावश्यक खर्च बोझ र पार्टीका बेरोजगार कार्यकर्तालाई मौका दिने 'जुवाडेको खाल' भएजस्तो लागेको छ ।

चिनजानको मानिस चिया पसल, बाटोघाटो वा जहाँ भेट होस् कुरा हुँदा प्रदेशहरुको त कामै देखिएन, कामै छैन, खर्चमात्रै । संघ र स्थानीय तह भए हामीलाई पुग्ने रहेछ भनी हाल्छन् । केही नबोल्नेहरू यस्ता तर्कको प्रतिवादमा वा प्रदेशको पक्षमा बोल्न असमर्थ हुँदै गएका छन् । मुन्टो हल्लाएर कुरा टार्छन् । ती प्राय: राजनीतिक दलका कार्यकर्ता हुन् ।

कता गयो प्रदेशको पक्षको त्यत्रो जनमत ? झिनो स्वरमा विरोध गर्नेहरू थिए । पक्षमा तुमुल ध्वनि गुञ्जित थियो । प्रदेशको पक्षमा शंकाको सुविधा दिने 'कम्फ्युज्ड' हरू पनि थिए । हेरौं न त राम्रो हुन्छ कि भन्नेहरू नै धेरै अहिले प्रदेशको काम, कर्तव्य र प्रभाव अनुभूत नभएको पश्चात्ताप गर्दैछन् ।

हैन, प्रदेशहरुको काम र परिणाम त ठीकै छ नि किन विरोध गर्ने ? भन्नेकै अभाव भयो, विषयकै अभाव भयो । समर्थक दलपतिहरू पनि प्राय: मौन बस्न विवश देखिँदैछन् । मधेसका नेताले चाहिँ प्रदेशको पक्षमा यदाकदा बोल्छन् । ठीकै लाग्छ । तर, अरू दलका प्राय: नेता चुप छन् । ती त बोल्दा पनि जनतामा हास्यास्पद लाग्न थाले । प्रदेशसमेत शासनसत्ता सबै बिगार्ने यिनै हुन् भन्न थाले जनता ।

दुर्लभ भएको छ प्रदेशको पक्षमा लेख, विश्लेषण पाउन पनि । प्रदेशहरूले वा कुनै प्रदेशले राम्रो गऱ्यो । दीर्घकाललाई समेत प्रभावित पार्ने सुकर्म गऱ्यो । यस्तो सकारात्मक कतै पढिँदैन, कतै सुनिदैन । कतै लेखिँदैन । कतै भनिदैन । किन ? राम्रो भन्नेहरूकै परिस्थिति र परिणामले मनोबल गिरी सक्यो । सत्ताधारीले भन्लान् तिनको भनाइको प्रभावले जनमत बन्दैन । किनभने ती त काममा चुकिसकेका छन्

दसैंका ठेउवा भन्छन् नि त्यस्तै । अस्ति एक परिचित संघीयताविज्ञको लेख पढियो । जुन लेखको शीर्षक संघीयताको र खासमा प्रदेशको पक्षमा वकालत गर्ने प्रकारको बुझिन्थ्यो ।

सडक र चिया पसलतिर विरोध हुर्कँदै गरेको सुनेको बेला, लेखले प्रदेशको पक्षमा दिने प्रभाव र अनुभूति के होला भन्ने जिज्ञासा हुने नै भयो । त्यसमाथि स्थापित विज्ञको लेख ।

बीचको अंश जहाँ प्रदेशको पक्षमा केही लेखिएको हो कि जस्तो लाग्यो दोहोऱ्याएर पढ्दा पनि अहिलेको गुनासोलाई चित्त बुझ्दो जबाफ दिने कुनै तर्क, कारण र परिणाम उल्लेख भएको पाइएन । छ त, अधिकार प्रत्यायोजित हुने कुरा । त्यो पनि अधिक स्थानीय तहसँग जोडिन पुगेको छ । पूरै लेखले स्थानीय तहको उपादेयतालाई कुशलतासाथ विम्बित गरेको छ । शीर्षकले बोलेको प्रदेश विषयवस्तुले खोलेको खास विषय भने स्थानीय तह भएको छ ।

किन ? प्रदेशको खाँचो औंल्याउनु र प्रदेशको उपादेयता स्थापित हुनु वा गरिनु दुई भिन्न स्थिति हुन् । नेपालीले प्रदेश त पाए तर यसको प्रभाव, परिणाम र क्रियाकर्मले जनमतमा कुनै ऊर्जा वा भरोसा जगाउन सकेको छैन । प्रदेशको खाँचो बोधलाई पुष्टि गर्ने उपयोगी परिणामले हो । त्यही शून्य भयो ।

थप प्रतिकूल भयो कोसी प्रदेशको राजनीतिक जात्राले । नैतिक मूल्य, मान्यताको बेइज्जत, संविधानको हुर्मत, अर्थात् 'नंगा नाचे हजार दाउ' भनेजस्तो निर्लज्ज प्रक्रिया । के यस्तो निर्लज्ज प्रक्रिया प्रदेशको पक्षमा हुन्छ ? त्यहाँ इज्जत रहने प्रक्रियाको सरकार बनाइए कसको बिग्रन्थ्यो के ? नेकपा (एमाले)कै सरकार बने पनि हुन्थ्यो के ? यहाँ सरकारी सत्ताधारी गठबन्धनले बेइज्जत छुट्याइँ गऱ्यो । त्यो अवैध पनि छ ।

महिनौं सरकारलाई पूर्णता दिन नसकेका सुदूरपश्चिम र लुम्बिनी प्रदेशको हबिगतले प्रदेशको खाँचोको पक्षमा जनमत सिर्जना गर्दैन । वागमती प्रदेश बजेट पास गरेपछि चलाउन नसकेर स्थगित गरियो । यस्ता तिक्त वा बेढंगे कर्म र परिणामले आकर्षण दिन्छ कि विकर्षण ? बेलाबेला मधेस प्रदेशको चर्तिकताले त देशको शिर झुकाएकै छ । त्यसैले भन्न थालियो प्रदेशहरूको प्रतिफल नै अनुत्पादक भएको छ ।

भनिन्छ - आर्थिक क्षमतामा देश ओरालो लाग्दैछ । फजुल खर्च प्रतिदिन थेगी नसक्नु उकालो जाँदैछ । यही प्रसंगमा एकजनाले असाध्यै नमीठो अश्लील टिप्पणी गरे । सुन्ने हरू होमा हो मिलाएर हाँस्दै गए । त्यो लेख्न जस्ताको तस्तै त मिलेन तर यस्तै केही भनेका थिए - ''जनप्रतिनिधिको नाममा हरुवाचरुवालाई लुट्न मौका दिएका हुन् यी...नेताले ।' प्रदेशको के काम, के गऱ्यो खै ? खर्चमात्रै त हो नि ! सायद् उनले मैलाई सुनाएका थिए ।

संघले अधिकार दिएन, स्रोत दिएन, साधन दिएन र कानुन पनि दिएन भन्ने थोत्रो तर्क सुनिन्छ प्रदेशका सत्तासीनहरूको । आफ्नो सुरक्षा निकाय छैन । केही छैन । गर्ने के ? तिनका तर्क हुन् । तर तिनै प्रदेशहरु करोडौं, अर्बौंको बजेट घोषणा गरेको सुनिन्छन् । कताबाट आयो त्यो स्रोत ?

जे जति अधिकार वा साधन, स्रोत छ त्यसैबाट जनताको मन जित्ने र आफ्नो खाँचो बोध गराउने काम गरे हुन्थेन र प्रदेशहरूले ? नैतिक राजनीति गरे हुन्थेन र तिनले ? कि त्यति पनि, त्यस्तो पनि गर्न सक्दैनन् प्रदेशले ? सक्दैनन् भने तिनको खाँचोबोध हुने कसरी ? कहाँ गयो काम र परिणाम ? के देखियो त मैदानमा ? यस्तै यस्तै कारण र परिणाम नै त प्रदेशविरुद्ध हुने हो ।

प्रदेशहरूको अवस्था यस्तै राखियो र बनाइयो भने यही नै द्वन्द्वको अर्को कारण बन्ने जोखिम देखिँदै छ । प्रदेश चाहिँदैन भन्ने बाढीले धेरै चिज बगाउने र देशलाई लपेट्ने जोखिम सँगसँगै बढ्दै छ । कालो चस्मा लगाउनेले सायद् यस्तो जोखिम देख्दैनन् । अहिलेको लगाम समातेका यिनको मनोभाव 'आफू मरे जो सुकै होस्' भन्ने होला । स्थानीय तहको भूमिका त नागरिकले महसुस गरेका छन् । भन्नु परेन । यसअघि पनि अनुभूत गरेकै हुन् । तर, प्रदेश त निकम्मा नै ठान्न थाले मान्छेले । किन ? प्रदेशहरु उत्पादक र प्रभावकारी हुने सम्भावना वा समय बाँकी छ कि छैन ? दोस्रो कार्यकालमा प्रवेश गरेका प्रदेशहरूले आफ्नो औचित्य पुष्टि गर्ने कहिले र कसरी ?

*(साभार: बाह्रखरी)*

# स्थानीयतामा आधारित शिक्षानीतिको खाँचो

इन्द्र अधिकारी

भूकम्पपछि गाउँगाउँका विद्यालयका नयाँ तथा भव्य संरचना बने, बनिरहेका छन् । अधिकांश विद्यालयमा शिक्षकहरू दरबन्दी अनुरूप छन् । तर केही विद्यालयलाई अपवाद मान्दा अधिकांशमा विद्यार्थी अति न्यून छन् र घट्दै जाने यो अवस्थाले निरन्तरता पाउने देखिन्छ, किनकि बाल कक्षादेखि उच्च मावि गरी ६ देखि १० वटासम्म विद्यालय भएका कतिपय गाउँपालिकाका वडाहरूमा गर्भवती महिला केही वर्षअघिसम्म दर्जनौंमा हुनेमा आजकल १० जनासम्म पनि हुँदैनन् ।

गर्भाधारण वा जन्मदर नै कम भएपछि विद्यार्थी कसरी बढ्छन् ? बाटोघाटोको सुविधा छ, गाउँगाउँसम्म निजी विद्यालय पनि सञ्चालनमा भइरहेका छन्, सरकारीभन्दा निजी विद्यालयको शिक्षाको गुणस्तरमा अभिभावकको विश्वास देखिएको छ र निजी विद्यालयमा बच्चा पढाउनु अब सामाजिक प्रतिष्ठाको विषय बन्दै गएको छ । यस्तो अवस्थाले समेत अब जन्मिने बच्चामध्ये धेरैजसो सरकारी विद्यालयमै पढ्ने सुनिश्चितता देखिँदैन । त्यसैले सरकारले शिक्षामा गरेको लगानीबाट लक्षित समूहलाई कसरी लाभान्वित तुल्याउने र निर्मित संरचनाहरूको सदुपयोग कसरी गर्ने भन्ने जटिल प्रश्न खडा भएको छ ।

अहिले बच्चालाई राम्रो शिक्षा दिनुपर्छ भन्ने जनचेतनाका कारण अंग्रेजी माध्यमका निजी विद्यालयप्रति सर्वसाधारणको मोह बढेको छ । सरकारी शिक्षा पनि वास्तविक अर्थमा नि:शुल्क छैन भर्ना, परीक्षा, कम्प्युटर, ल्याब आदि विविध शीर्षकमा शुल्क असुल्ने गरिन्छ । त्यसमाथि पढाइको गुणस्तरमा पनि खाडल छ । बालबालिकाको सरसफाइ, अनुशासन, अतिरिक्त क्रियाकलाप र शिक्षाप्रति अभिमुखीकरण सरकारी विद्यालयमा भन्दा निजीमा राम्रो छ भन्ने अभिभावकीय बुझाइका कारण नाम चलेका निजी विद्यालयमा बालबच्चा पढाउनकै लागि कामको खोजीमा गाउँ छोड्दै सके संघीय राजधानी नसके कम्तीमा सदरमुकामसम्म पुग्ने गति तीव्र छ । गाउँघरमै बसेर केही गर्न सकिन्छ भन्ने विश्वास युवाहरूमा नहुनु र जन्मदरमा समेत गिरावट आउनुले पहिलेका विद्यालय र मानवस्रोत नै बिस्तारै कम सान्दर्भिक भैरहेका त हैनन् भन्ने प्रश्नसमेत उब्जेको छ । अर्कातिर, शिक्षाको गुणस्तर उकास्न नयाँ शिक्षण सिकाइका लागि आवश्यक प्रविधि, विधि र तौरतरिकामा राज्यको उदासीनता कसैबाट लुकेको छैन ।

यसैबीच देश संघीय संरचनामा गएपछि पहिलो पटक गत हप्ता नेपालको शिक्षा प्रणालीलाई गुणात्मक र प्रणालीअनुकूल तुल्याउन भनेर ल्याइएको शिक्षा विधेयकका प्रावधान भनेर आंशिक विषय मिडियामा आए । उक्त विधेयकमा समष्टिमा के नयाँ छ भन्नेबारे, उक्त दस्तावेजमा पहुँच भएका थोरै मानिसबाहेक, सिंगो समाज अनभिज्ञ नै भए पनि बाहिरिएका विषयमा रहेर सञ्चारमाध्यम, सामाजिक सञ्जाल र सरोकार वालाहरू पक्ष-विपक्षमा ध्रुवीकृत भए । तर सर्वपक्षीय छलफल र अध्ययन-अनुसन्धानबिना काठमाडौंमा कर्मचारीतन्त्रले मात्र तयार पारेको दस्तावेज कति व्यावहारिक होला ? अहिले विद्यालय सञ्चालनका यावत् समस्याको समग्र सम्बोधन हुन कति सम्भव होला त ? उपत्यका र आसपासका जिल्लाहरूका झन्डै सय विद्यालयमा सशरीर उपस्थित भएर प्रधानाध्यापक, व्यवस्थापन समिति, विद्यार्थी, शिक्षक र अभिभावकहरूसँग औपचारिक तथा अनौपचारिक छलफल गरेका आधारमा स्तम्भकारले अवलोकन गरेका केही दृष्टान्त यहाँ प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

राज्यको पुन:संरचनासँगै अहिलेका वडाहरू क्षेत्रफलका हिसाबले पहिलेका कतिपय सिंगो गाउँ विकास समिति (गाविस) भन्दा ठूला छन् । गाविसहरूले आफ्नो हिसाबले तत्कालीन परिस्थिति र बाध्यतावश बिनाचिन्तन र अध्ययन निर्माण गरेका विद्यालयहरू र तिनका संरचनाहरू अहिलेका पालिकाहरूमा सरेका हुन् । घरपरिवार र विद्यालयबीचको दूरी कतै एकदम कम त कतै धेरै छ जुन आफैंमा अनावश्यक र अव्यावहारिक या अपायक देखिन्छ । बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्ने दायित्व भएकाले राज्यलाई एकातिर संख्या नहेरी विद्यालयहरू सञ्चालन गर्नुपर्ने बाध्यता छ भने अर्कोतिर सीमित स्रोतसाधन व्यवस्थापनका लागि कतिपय विद्यालय हटाउनु वा गाभ्नुपर्ने, सञ्चालन अनुमति पाएका कक्षा घटाउनु वा बढाउनुपर्ने छ, जुन सहज छैन । असाध्यै प्राविधिक र संवेदनशील यी काममा दत्तचित्त भएर लागिदिने जनशक्तिको आवश्यकता देखिइरहँदा अहिले त्यहाँ काम गर्ने गरी व्यवस्था गरिएका स्थानीय सरकारका प्रशासन र शिक्षा एकाइ प्रमुखहरूमा भने संघ र प्रदेशबाट खटिएका कर्मचारी छन् । स्थानीय अवस्था बुझ्न समय लगाएर काम गर्नुपर्नेमा शिक्षाप्रमुखमध्ये अधिकांशले यो महत्त्वपूर्ण जिम्मेवारीलाई जागिर केन्द्रित बनाइदिएका छन् । निर्वाचित जनप्रतिनिधिमा शिक्षालाई स्थानीयतामा आधारित बनाउन सकिन्छ कि भन्ने सोच देखिन्छ भने कर्मचारीमा अर्कै । विद्यालय शिक्षा स्थानीय बासिन्दाका लागि भएकाले स्थानीयतामै भिजेर काम गर्नुपर्छ भनेर स्वीकार गर्न नसक्दा जनप्रतिनिधि र कर्मचारीको समय असहयोग र अवरोधमै बित्ने गरेको छ । कर्मचारी प्रशासनका जिम्मेवारहरूमा सहयोग र समन्वय गर्ने होइन कि सरुवा पर्खिएर बस्ने प्रवृत्ति नै देखिएको छ । कर्मचारीबिना जनप्रतिनिधिले मात्र कार्यान्वयन गर्न नसक्ने भएकाले बनाइएका नीतिहरू त्यसै थन्किएका या असान्दर्भिक भैसकेपछि कार्यान्वयनमा आएका प्रशस्त उदाहरण छन् । शिक्षा स्थानीय सरकारको समेत क्षेत्राधिकारभित्र पर्ने र संघीय कानुन नबन्दासम्म स्थानीय सरकारले नै पहल गर्न सक्ने अवस्था हुँदाहुँदै पनि एकदुईबाहेकका स्थानीय तहले संघीय शिक्षानीति र ऐनको मुख ताकेर समय खेर फालिरहेका छन् । अधिकार बुझेका थोरै पालिकाले पनि कर्मचारीहरूको अवरोध या असहयोगका कारण यतातर्फ काम गर्न सकेका छैनन् ।

सरकारी विद्यालय गरिब, असहाय, निमुखा र अशिक्षित अभिभावकका बालबच्चा पढ्ने ठाउँ भएकाले कुशल शिक्षक चाहिँदैन, स्थानीय टाठाबाठा र चल्तापुर्जाले नै वैकल्पिक पेसासरह काम गर्न सक्छन् भन्ने खालको जबर्जस्त भाष्य गाउँठाउँमा नयाँ होइन । शिक्षण पेसाको अवसर राजनीतिले दिने र शिक्षकहरू संघ-संगठनमा औपचारिक रूपमै आबद्ध हुनेह ती आआफ्ना माउ संगठनको राजनीति, प्रभाव र रवाफले चल्नेह विद्यालय प्रशासन, प्रधानाध्यापक, व्यवस्थापन समिति लगायत स्थानीय राजनीतिमा समेत ती र तिनको समर्थन वा विरोधले माहोल बन्ने र बिग्रने अवस्थाले शिक्षकहरूले जागिरकै निरन्तरताका लागि पनि सिकाइमा भन्दा पनि सहयोग र सन्तुलनमा ध्यान केन्द्रित गर्ने परम्परा नै बसेको देखिन्छ । स्थानीयहरू नै आफ्नो गाउँठाउँको भलो गर्ने काममा दत्तचित्त हुन्छन्, जिम्मेवारी र अपनत्व लिन्छन् भनेर शिक्षकलाई सकेसम्म घरपायक मिलाइदिने सरकारी नीति नेपालका अधिकांश स्थानमा आश्चर्यजनक रूपमा असफलप्राय: देखिएको छ । उक्त नीतिका कारण विद्यालयमा अधिकांश शिक्षक स्थानीय त छन्, तर तिनीहरू विद्यालय समयमा समेत खेतीपाती, घरको काम र जन्ती, मलामी, पूजाआजा, पुरेत्याइँ, भेटघाटमा व्यस्त पाइन्छन् ।

अधिकांश शिक्षकले आपसी मिलेमतोमा विषयगत अध्ययन, कक्षाको तयारी, विद्यार्थीलाई कक्षाबाहिर पनि दिनुपर्ने समय, अन्य शैक्षिक कार्यक्रमको चिन्तन र तयारीजस्ता पेसाकेन्द्रित कामलाई सहायक रूपमा अपनाएको जस्तो ठानेका छन् । आसपासका भन्दा अलि टाढाका र डेरै लिएर बसेका शिक्षकहरू पेसागत हिसाबले बढी समर्पित र लगनशील, जिम्मेवार र मर्यादित छन् । बाहिरका शिक्षक धेरै भएका विद्यालयहरू तुलनात्मक रूपमा राम्ररी सञ्चालन भइरहेका छन् ।

स्थानीय तहका जनप्रतिनिधि र संघ या प्रदेशका कर्मचारीबाहेक विद्यालयको प्रगतिका लागि त्यही संस्थाको नेतृत्व पनि प्रमुख पात्र हो । प्रधानाध्यापक सृजनशील, गतिशील, समन्वयकारी, उदार र भिजनरी भई शिक्षण कलामा अब्बल र अनुभवी भइदिए पनि केही हदसम्म विद्यालयले राम्रो गर्ने देखिन्छ । राम्रो शिक्षक हुँदैमा नेतृत्व क्षमता बनिहाल्छ भन्ने हुँदैन भने कहिलेकाहीँ ज्येष्ठता, स्थायी शिक्षण अनुभव पनि नेतृत्वका लागि प्रभावकारी नहुन सक्छ । तर राजनीतिक-प्रशासनिक प्रभावका आधारमा कतिपय राहत शिक्षक प्रधानाध्यापक हुने, प्रस्तावित माविमा समेत प्रावि दरबन्दीका शिक्षक प्रधानाध्यापक बन्ने र आजीवन एकै व्यक्तिले प्रधानाध्यापकका रूपमा काम चलाउने अभ्यासहरू पनि गुणस्तर कायम गर्न नसक्नुका कारक बनेका देखिन्छन् । जुनजुन विद्यालयमा जेठो होइन, गतिशील नेतृत्व छ, जहाँ शिक्षकहरूबीच एकता, जिम्मेवारी बाँडफाँट र 'टिम स्पिरिट' छ, ती विद्यार्थी संख्या, शैक्षिक गुणस्तर, अतिरिक्ति क्रियाकलाप अनि विद्यालय व्यवस्थापन र अभिभावकहरूसँगको विश्वसनीयता जस्ता समग्र पक्षमा राम्रा देखिएका छन् । निश्चित अवधिका लागि प्रतिस्पर्धाबाट नियुक्त प्रधानाध्यापक केही मात्र छन्, तर उनीहरूले विद्यालयलाई नयाँ उचाइ दिएका उदाहरण धेरै छन् । अभिभावकसँग नियमित बैठक गर्ने, अभिभावकको महत्व र भूमिकाबारे नियमित छलफल गर्ने एवं अभिभावकलाई सञ्चालक समिति र शिक्षकसँगसँगै र छुट्टाछुट्टै बसाएर विचार र सरोकार सुन्ने वा सक्रिय बनाइराख्ने सोच भएका प्रधानाध्यापकहरूले छाप छोडेका छन् । आफ्नै अधिकार पनि सहायक प्रधानाध्यापकलाई निश्चित मात्रामा हस्तान्तरण गर्ने, शिक्षकहरूलाई तिनको रुचि र क्षमता अनुसार अतिरिक्त क्रियाकलाप सञ्चालनको जिम्मेवारी दिएर सामूहिक नेतृत्वमा काम गर्ने प्रधानाध्यापकहरू विद्यालयलाई जीवन्त राख्न र शिक्षाको गुणस्तर निजीसरह बनाएर नमुना सामुदायिक विद्यालय निर्माण गर्नसमेत सफल देखिन्छन् ।

सरसर्ती हेर्दा, सामुदायिक विद्यालयमा अहिले निजी विद्यालयमा भन्दा भौतिक संरचना र साधनस्रोत राम्रो छ । तालिमप्राप्त मानवस्रोत र पर्याप्त अनुभवी विषयशिक्षकको दरबन्दी, परिवर्तित समयअनुकूल पाठ्यक्रममा प्रविधि प्रयोगको व्यवस्था पनि सरकारी विद्यालयमा नराम्रो छैन । तर भौतिक पूर्वाधार भव्य भए पनि व्यवस्थापकीय सोच र संस्कार नपुगेकाले विद्यालय लाभान्वित हुन सकेको छैन । शौचालय छ, पानी छैन खानेपानी स्रोत र ट्यांकी छ, पानी आउँदैनह सरसफाइ गर्ने कर्मचारी छन्, सरसफाइ छैन संरचना छ, खेलमैदान छैन कम्प्युटर ल्याब छ, कोटाको शिक्षकलाई चलाउन आउँदैन र विद्यार्थीहरू मनलाग्दी चलाएर बस्छन् । भएका शैक्षिक सामग्रीको प्रयोग पनि पठनपाठनमा गरिँदैन । रुटिनमा शुक्रबार अतिरिक्त क्रियाकलाप छ, तर त्यो दिन पनि विद्यार्थी पढेर घर फर्कन बाध्य छन् । इन्टरनेट सेवा जडान छ, महिनौं चल्दैन । बिजुली सबै विद्यालयमा पुगेको छ, आउने-जाने टुंगो छैन इन्टरनेट सेवा सुचारु गराउन प्राविधिक पक्ष पनि चुस्त र सहज उपलब्ध हुँदैन । शिक्षणमा स्मार्ट टीभीको प्रयोग धेरै विद्यालयमा अनिवार्य गरिएको छ, अधिकांश विद्यालयमा पुऱ्याइएको पनि छ, तर नियमित सञ्चालनमा कमै पाइन्छ ।

अन्त्यमा, माथि उल्लिखित असहज देखिएका अधिकांश विषय स्थानीय हुन् र स्थानीय तहलाई नै अधिकारसम्पन्न बनाएर त्यहींबाट हल गर्ने गरी नीति निर्माणको पहल हुनु जरुरी छ । *(साभार: ई-कान्तिपुर)*

# 'अवार्ड र सम्मान'को खेलो, विदेश जाने मेलो

काठमाडौं/साउन ६ गते अमेरिकाको टेक्सासमा आयोजना गर्ने भनिएको ११ औं 'नेफ्टा फिल्म अवार्ड' एकाएक रद्द भयो । उक्त अवार्डका लागि नाम सिफारिस भएका सबै 'कलाकार'को भिसा नै लागेन । यो अवार्डका लागि 'अमेरिका लैजाने' भन्दै विभिन्न व्यक्ति र कलाकारसँग प्रतिव्यक्ति ३० लाख रुपैयाँसम्म असुल्ने प्रयास गरिएको आयोजकमाथि आरोप छ । पैसा असुल्ने खेल सुरु भएपछि आयोजक मध्येको एक आर्यन फिल्म्सले हात झिकिसकेको छ ।



आर्यन फिल्म्सले विज्ञप्ति जारी गर्दै भनेको छ, 'अनधिकृत मान्छेको नाम थपिएको छ । अर्को कुरा लाखौंको बार्गेनिङ भइरहेको छ ।' यसै विषयमा थप सोधीखोजी गर्दा आर्यन फिल्म्सका महाप्रबन्धक गोपाल कटुवालले भने, 'यसपटक पनि चलचित्र प्राविधिक संघ (नेफ्टा)ले अमेरिका लैजान लागेको भनिएको ४१ जनामा झन्डै आधाजसो असम्बन्धित व्यक्ति रहेको पाएपछि विज्ञप्ति निकालेर सर्वसाधारणलाई सचेत हुन आग्रह गरेका हौं ।'

अवार्डको बहानामा सर्वसाधरणलाई अमेरिका तस्करी गर्न लागिएको सूचना आएपछि आफूहरु पछि हटेको उनले बताए । कटुवालले थपे, 'कति पैसाको बार्गेनिङ भयो भनेर त म भन्न सक्दिन । तर मैले सुने अनुसार राम्रै पैसामा बार्गेनिङ भइरहेको रहेछ । एक जना होइन, धेरैसँग यस्तो भएको रहेछ । अमेरिकी दूतावासले पनि फेक हो भन्ने थाहा पाएर भिसा नदिएको भन्ने कुरा मैले सुनें ।'

अवार्डको नाममा जुन चलखेल भयो त्यसले आफूहरुलाई धेरै दु:खी बनाएको उनले बताए । 'ठीक छ कार्यक्रम रोकिएको छ,' उनले थपे, 'तर हामीले खर्च गरेको सम्पूर्ण रकम हामीलाई फिर्ता चाहियो । कुरा यत्ति हो ।'

आर्यन फिल्म्सको विज्ञप्तिमा उल्लेख भएअनुसार भिसा प्रक्रियाका लागि निवेदन दिएका ४१ जनामा अनधिकृत व्यक्ति रहेको भनिएको छ । यो कम्पनी फिल्म निर्माता तथा निर्देशक रमेश एमके पौडेलको हो । सो कम्पनीले होटेल सोल्टीमा अवार्डका लागि मनोनयन कार्यक्रमकामा अहिलेसम्म १५ लाखभन्दा धेरै खर्च भएको र सोही कार्यक्रमको तयारीका लागि दुई जना अमेरिका लैजाँदा भएको खर्चसमेत फिर्ता मागेको छ । फिर्ता नभए कानुनी प्रक्रियामा जाने आर्यन फिल्मस्को तयारी छ ।

मुख्य लगानीकर्ता आर्यन फिल्म्सले हात झिकेपछि आयोजकमा चलचित्र प्राविधिक संघ (नेफ्टा), यूएस खबर, फेम नेपाल, आरएन्डएस ग्लोबल फाउन्डेसन लगायत छन् । यद्यपि आयोजकमध्ये एक फेम नेपालका प्रमुख विमलकुमार पछाईंले ढिलो चाँडो कार्यक्रम हुने जिकिर गरे । उनले भने, 'बाहिर आएका घटना निराधार छन्, केही प्राविधिक कारणले भनेको मितिमा अवार्ड हुन सकेको छैन ।'

त्यसो त केही हप्ताअघि 'ग्लोबल नेपाली फिल्म अवार्ड' नाम दिइएको एक कार्यक्रममा अमेरिका गएकामध्ये केही अहिलेसम्म नफर्किएको स्रोत बताउँछ । गत जेठ महिनामा 'दोस्रो स्टार म्युजिक भिडियो अवार्ड-२०२३' का लागि भन्दै नेपालबाट करिब तीन दर्जन 'कलाकार' क्यानडा पुगे । टोरन्टो क्षेत्रस्थित मिसिसागाको पियर्सन कन्भेन्सन सेन्टरको एउटा सानो हलमा भएको अवार्ड समारोहमा मुख्य आयोजक संस्थाका अध्यक्ष अशोक विक भने अनुपस्थित थिए । अवार्डका लागि 'कलाकार' भन्दै क्यानडा गएकामध्ये कति चाहिं अहिलेसम्म फर्किएका छैनन् । स्रोतका अनुसार उनीहरु उतै काम खोज्दै र गर्दै बसिरहेका छन् ।

प्रस्तोताको रुपमा उक्त कार्यक्रम गरेर फर्किएका नरेश भट्टराईसँग यसबारे बुझ्दा उनले आफूलाई कुनै पनि जानकारी नभएको बताए । 'मलाई आयोजकले अवार्ड कार्यक्रमका लागि बोलायो । म गएँ । सुख-दु:ख कार्यक्रम गरें,' भट्टराई भन्छन्, 'अवार्ड के कसरी भयो, कति आए, कति आएनन् जस्तो प्रश्नको जवाफ मसँग छैन । आयोजकलाई सोध्नुहोला ।'

विदेशमा 'अवार्ड' गर्ने भन्दै 'कलाकारलाई' युरोप-अमेरिकालगायत मुलुकमा लैजाने र उतै छाडेर आउने प्रवृत्ति व्यापक छ ।

### "एक्स्ट्रा अर्डिनरी भिसा"का लागि अवार्ड र सम्मान किन्नेहरू

कला, साहित्य, मनोरञ्जन, खेलकुद, विज्ञान जस्ता क्षेत्रमा असाधरण उपलब्धि हासिल गरेका व्यक्तिलाई अमेरिकाले विशेष भिसा (एक्स्ट्रा अर्डिनरी भिसा) दिँदै आएको छ ।

यसरी एक्स्ट्रा अर्डिनरी भिसा लिएर अमेरिका जानका लागि कतिपयले अवार्ड र सम्मान किन्ने गरेको भुक्तभोगीहरु बताउँछन् । 'त्यसैले त अवार्ड र सम्मान थाप्नेहरुको लर्कोमा कहिल्यै नचिनिएका 'कलाकार'हरु उभिएका हुन्छन्,' स्रोत भन्छ, 'विभिन्न अवार्ड थापेर, आफ्नो समाचार, फोटो पत्रपत्रिकामा छपाएर सो भिसाका लागि आवेदन दिनेहरुको यहाँ थामिनसक्नु ताँती छ ।'

उनका अनुसार यो भिसाका लागि आवश्यक कागजात तयार गर्न अमेरिकामा बस्ने नेपाली वकिलले नै सहयोग गर्ने गरेका छन् । 'नेपालमा अवार्ड र सम्मान थाप्न मरिहत्ते गर्नेहरुको पछाडि यही एउटा स्वार्थ छ,' उनी भन्छन्, 'यसका लागि कसैले आफ्नो नाममा किताब लेखाएका छन्, कसैले अवार्ड किनेका छन् ।' नेपालमा बसेर कला-मनोरञ्जन वा खेल-विज्ञानमा आफूलाई स्थापित गर्नु नभई विदेश जानका लागि उनीहरुले यस्तो तारतम्य मिलाउने गरेको उनी बताउँछन् ।

यसले प्रत्यक्ष रुपमै अवार्ड आयोजना गर्नेहरुलाई हौस्याएको छ । यस्ता अवार्ड तथा सम्मान सुयोग्य व्यक्तिलाई भन्दा पनि चलखेल गर्नेहरुलाई दिइने गरेको पाइन्छ । त्यसैले त नेपालमा हुने अधिकांश अवार्डको औचित्यमाथि प्रश्न गर्नुपर्ने बेला भएको पटकथा लेखक तथा फिल्म समीक्षक सामीप्यराज तिमल्सेना बताउँछन् । उनी भन्छन्, 'यी अवार्डहरु न विश्वसनीय छ न महत्वपूर्ण नै । विदेश जानका लागि भऱ्याङ बनाइदिने भनेर नकारात्मक सन्देश मात्र फैलिएको छ ।'

२०४३ सालमा लायन्स क्लब काठमाडौंले आयोजना गरेको समारोहलाई पहिलो चलचित्रसम्बन्धी प्रदान गरिएको अवार्डको रुपमा मान्दै आइएको छ । उक्त समारोहमा चलचित्रतर्फ कान्छी, अभिनेतातर्फ शिव श्रेष्ठ र अभिनेत्रीतर्फ शर्मिला मल्ल सर्वोत्कृष्ट घोषित भएका थिए । त्यसपछिका दिनमा यस्ता अवार्ड समारोह थपिएका थपिएकै छन् । तर यी अवार्डहरु न त राम्रो काम गर्नेका लागि हौसला बनेको छ न त समाजका लागि गरिमा नै ।

नेपालमा सरकारको तर्फबाट आयोजना गरिने राष्ट्रिय दीर्घसाधना सम्मान तथा पुरस्कार, नेपाल चलचित्र प्राविधिक संघको नेफ्टा अवार्ड, डिजिटल सिने अवार्ड, नेपाल चलचित्र विकास कम्पनी (एनएफडीसी) राष्ट्रिय अवार्ड, कामना चलचित्र अवार्ड, एलजी सिने सर्कल अवार्ड, बक्स अफिस चलचित्र अवार्ड, नेपाल चलचित्र कलाकार संघको फान अवार्ड, इनास अवार्ड, ग्लोबल नेपाली फिल्म अवार्ड लगायतका पुरस्कार तथा सम्मानहरू छन् । यसै हप्ता मात्रै सन् २०२४ को सेप्टेम्बरमा अमेरिकाको क्यालिफोर्नियामा 'गोल्डेन नेपाली फिल्म अवार्ड' आयोजना हुने खबर छ । हाल अमेरिका भ्रमणमा रहेका अभिनेता शिव श्रेष्ठ र सुनिल थापाको सम्मानमा गोल्डेन स्टेट मुभी मेकर्स एलएलसी क्यालिफोर्नियाले आयोजना गरेको 'मिट, ग्रीट एण्ड विसेस् एक्सचेञ्ज म्युजिक नाइट' कार्यक्रममा यो अवार्ड हुने बुझिएको छ ।

नेफ्टा, ग्लोबल लगायत केही अवार्डहरु विदेशमा आयोजना हुने गरेका छन् । बाँकी धेरैजसो नेपालमै आयोजना हुने गरेका छन् । यी अवार्डमध्ये केही कोरोना महामारीपछि सुरु हुन सकेका छैनन् । अचेल नेपालमा ९० प्रतिशतजति फिल्म फ्लप हुन्छन् । न त कलात्मक रूपमा तारिफयोग्य फिल्म नै बनेका छन् । तैपनि फिल्म र कलाकारहरूले देशभित्र धमाधम अवार्ड पाइरहेकै छन् । अवार्डपिच्छे कलाकारहरुले फरक-फरक अवार्ड पाएका हुन्छन् ।

अमेरिका होस् या नेपालमा, नेपाली फिल्मका नाममा हुने अवार्डहरुको औचित्य र अर्थ अब लगभग सकिएको टिप्पणी गर्न थालिएको छ । भद्रगोल ढंगले अनेक स्वार्थका नाममा हुने समारोहमा जो पुग्छ उसले अवार्ड पाउँछन् ।

अभिनेता तथा निर्माता दीपकराज गिरी भन्छन्, 'अवार्ड बिक्रीभन्दा पनि सेटिङमा हुने गरेका छन् । सेटिङ पैसामा मात्रै हुन्न । अवार्डको गरिमासँग कसलाई मतलब छ यहाँ ? उद्देश्य नै अमेरिका छ भने जे उद्देश्य हो त्यो पुगे भइगो नि ।'

### फिल्मकर्मी नै भन्छन्, "अवार्डको गरिमा नै छैन"

अभिनेता गिरी सम्बन्धित पक्षले यसबारेमा अब चासो राख्नैपर्ने नत्र अवार्ड आयोजना गर्नुको कुनै अर्थ नरहेको बताउँछन् । त्यसो त उनले अधिकांश अवार्ड बहिष्कार गरिरहेको पनि देखिन्छ । उनका अनुसार नेपालमा राम्रा फिल्मलाई अवार्ड दिइन्न, आफन्तका फिल्मलाई दिइन्छ । यस वर्ष दिइएका अवार्डको त झन् बिजोग छ, जुन फिल्मले परिवर्तन र नयाँपन दिन खोजेका छन्, ती फिल्मलाई कुनै अवार्ड छैन ।

फिल्म लेखक सामीप्यराज तिमल्सिना ग्रीन कार्डका लागि यसरी अवार्डको बिक्री वितरण भएको बताउँछन् । नेपालमा वितरण गरिने अवार्ड र अवार्ड विजेताको लिस्ट हेर्दा ती अवार्ड समारोह अमेरिका भासिन किनिने अवार्ड भएको उनको दाबी छ ।

त्यसो त पछिल्लो समय अवार्डको लेनदेन भएको विषय भने चर्को रुपमा उठ्न थालेको छ । फिल्मकर्मी र यो क्षेत्रमा रुचि राख्ने धेरैले अवार्डको हरिबिजोगका बारेमा खुलेर बोल्न थालेका छन् तर अवार्ड आयोजकले यस्ता धारणालाई आफ्नो विरोध गरेको, राम्रो कामलाई देख्न नसकेको जस्ता आरोपले आफ्ना गल्तीमा लेप लगाउने गरेका छन् । यसरी जे पायो त्यो गरेर अवार्ड वितरण गरिंदा राम्रो काम गर्न खोज्ने फिल्म मेकरलाई निरुत्साहित गर्न खोजेको धेरैको गुनासो छ ।

निर्माता तथा पत्रकार अविरल थापा भन्छन्, 'अवार्ड समारोह गर्ने धेरै कारण छन् । साँच्चिकै चलचित्रको प्रवरद्धन गर्ने टिमले गर्न सकेको छैन । स्वार्थ समूहले गरेको छ अवार्ड, साटफेर किनबेच हुने गरेको छ । विदेश जान र अवार्डको नाममा विजनेस गर्ने गरेका छन् । कतिपय कर्पोरेट संस्थाले आफ्नो ब्राण्डको मार्केटिङको लागि गरेका छन् । तर अवार्डको इज्जत छैन ।'

निर्माता तथा निर्देशक सन्तोष सेनले अमेरिका जान लालयित चलचित्रकर्मीहरु देखेर आफू छक्क परेको बताउँछन् । अमेरिका लगायत विभिन्न देशको स्थायी नागरिक हुन अवार्ड किनबेचले समग्र अवार्डको गरिमा हराएको उनी बताउँछन् । उनी भन्छन्, 'एउटा यस्तो अवार्ड कार्यक्रम देख्न पाइयोस्, जुन कार्यक्रमलाई हरेक चलचित्रकर्मीले गर्वले भन्न पाइयोस्, यस्तो पो अवार्ड ।'

यद्यपि कलाकार संघका अध्यक्ष मोहन निरौलाको तर्क फरक छ । अमेरिका जानका लागि भनेर कुनै पनि कलाकारहरुको कागजात नबनाएको बताउँछन् । उनले भने, 'मलाई कलाकार संघको सदस्यमा प्रमाणित गरिदिनुस् भनेपछि त गर्नुपऱ्यो । त्यो डकुमेन्ट लिएर कलाकारहरु कहाँ जानुहुन्छ त्यो हामीलाई थाहा हुने विषय होइन । कसैलाई सम्बोधन गरेर कलाकारहरुको प्रमाणित गर्दैनौं,' उनी भन्छन्, 'हामीले कलाकारहरुको प्रमाणित गर्दा निकै अध्ययन गरेर मात्रै प्रमाणपत्र दिन्छौं । कुनै लेटर चाहियो भने जो जससँग सम्बन्धित छ भनेर मात्रै गर्छौं ।'

तर धमाधम कलाकारहरुको अमेरिका पलायन हुने विषयले आफू चिन्तित रहेको निरौला बताउँछन् । राम्रै कलाकारहरु पीआरको लोभमा बाहिर गइरहेको उनले बुझेका छन् । 'यस विषयमा मुख्य सरकारको दोष छ । सर्वसुलभ रोजगारी दिन सकेको छैन । यहाँ कलाकारले असुरक्षित भविष्य देखेपछि नेपाल सरकारले सोच्नुपर्ने हो नि,' उनी भन्छन्, 'चलचित्र क्षेत्रको मात्रै होइन अन्य क्षेत्रबाट पनि दक्ष व्यक्ति पलायन भइरहेका छन् । राज्यले बेलैमा सोचेन भने नेपालमा क्षमतावान् मानिसको अभाव खड्किने पक्का छ ।'

नेफ्टाका अध्यक्ष पुष्कर लामाले बाहिर जानका लागि सिफारिस बनाउन धेरै आउने गरेको स्वीकारे । तर नयाँ सदस्यलाई काम गरेको दुई वर्षपछि प्रमाणित गर्ने गरेको र सिफारिस लेटर कहाँ केका लागि गराएका हुन्छन् भन्ने आफूहरुले अध्ययन गर्ने विषय नरहेको उनी बताउँछन् । 'हामीले हाम्रा सदस्यहरुका लागि लेखिदिने पत्र जे लेख्नुपर्ने हो त्यो मात्रै लेख्छौं, फेक काम हामीबाट हुँदैन,' उनी भन्छन् ।

अमेरिका जाने ट्रेण्डबारे आफू जानकार रहेको उनी बताउँछन् । भन्छन्, 'अधिकांश चलचित्रकर्मी अमेरिका जान खोजेको देखेको छु । फेक डकुमेन्ट त गराउँदैनौं । गलत कि सही हो भनेर कसैले नेफ्टामा अध्ययन गर्न आयो भने स्पष्ट भन्न सक्छौं ।'

*(स्रोत: अनलाइनखबर)*

# रघुनाथको फिल्ममा मुकुन र मिलन





काठमाडौं/फिल्म 'बुलबुल'मा चोपेन्द्रको भूमिकामा गरेको बलशाली अभिनयले मुकुन भुषाललाई अब्बल श्रेणीको कलाकारको रुपमा स्थापित गऱ्यो । गत वर्ष फिल्म 'झिँगेदाउ' सफल भएपछि उनीप्रति मेकरको आकर्षण थप बढेको छ । अहिले उनको पाइप लाइनमा ज्ञानेन्द्र देउजाको 'उपहार', मधुसूदन भट्टराईको 'दौँतरी' र विकास गिरीको 'बिजुली' रहेका छन् । यो सूची अर्को फिल्म पनि थपिएको छ ।

चलचित्र पत्रकार संघका महासचिव तथा निर्माता रघुनाथ सापकोटाको निर्माणमा बन्न लागेको एक फिल्ममा मुकुन मुख्य भूमिकामा अनुबन्ध भएका छन् । रघुजी फिल्म्सको ब्यानरमा निर्माण हुन लागेको फिल्ममा मिलन मिश्रको पनि अभिनय रहनेछ । उनले यही फिल्मबाट डेब्यू गर्न लागेका हुन् । मुकुन र मिलनको अपोजिटमा दुईजना अभिनेत्रीको खोजी भैरहेको निर्माता सापकोटाले बताए ।

नविन भट्टको डेब्यू निर्देशनमा बन्न लागेको फिल्ममा सुनील निउरेको पटकथा तथा संवाद रहनेछ । कथा रघुनाथ सापकोटा स्वयंको हो । ज्ञानेन्द्र शर्मा हुमागाईंको छायांकन रहने यस फिल्ममा अर्जुन पोखरेलले संगीत भर्नेछन् । केही दिनमा चलचित्र विकास बोर्डमा शीर्षक दर्ता गर्ने तयारी भैरहेको जानकारी दिँदै निर्माता सापकोटाले आगामी असोज पहिलो साताबाट छायांकन सुरु गरिने बताए ।

# शाहरुखको 'जवान' ट्रेलरमा जबर्जस्त एक्सन




एजेन्सी, मुम्बई/बलिउड सुपरस्टार शाहरुख खान अभिनीत फिल्म 'जवान'को प्रदर्शनको एक हप्ताअघि ट्रेलर सार्वजनिक गरिएको छ । शाहरुखले बिहीबार दुबईबाट सार्वजनिक गरेको ट्रेलर 'एक्सन प्याक्ड' छ । भीएफएक्स र ब्याकग्राउन्ड म्यूजिक जबर्जस्त देखिन्छ । एक्सन अवतारमा प्रस्तुत भएका शाहरुखको दुई रुप देखाइएको छ । एउटामा उनी प्रहरी र अर्कोमा नकारात्मक भूमिकामा चित्रित छन् ।

सारुकको भिडन्त भिलेन विजय सेतुपतिसँग हुने ट्रेलरले संकेत गर्छ । प्रहरीको भूमिकामा साउथ अभिनेत्री नयनतारा प्रस्तुत छन् । दीपिका पादुकोण अतिथि भूमिकामा रहेको फिल्ममा सान्या मल्होत्रा, प्रियामणि, अश्लेशा ठाकुर, लहर खान, रिद्धि डोगरा, संजीता भट्टाचार्या, गिरिजा ओक गोडबोले, योगी बाबुको पनि अभिनय छ । हिन्दीसहित तमिल र तेलुगू भाषामा पनि फिल्म रिलिज हुँदैछ ।

शाहरुख स्वयंको प्रोडक्सन कम्पनी रेड चिल्लीले निर्माण गरेको फिल्मका निर्देशक एट्ली कुमार हुन् । उनी साउथ इन्डष्ट्रीका नामी निर्देशक हुन् । उनले साउथ सुपरस्टार विजय थलपथिलाई लिएर 'थलपथि ६३', 'मेर्सल', 'थेरी' जस्ता सुपरहिट फिल्म बनाइसकेका छन् । 'जवान' उनको पहिलो बलिउड फिल्म हो । यो फिल्मले भारतीय बजारमा मात्रै ५ सय करोड कमाउने प्रक्षेपण गरिएको छ ।

# 'पशुपति प्रसाद २'को गीतमा आँचलको ठुम्का, विपिनको रोचक नृत्य




काठमाडौं/दीपेन्द्र के. खनालको निर्देशनमा तयार भएको फिल्म 'पशुपति प्रसाद २ : भष्मे डन'को पहिलो गीत सार्वजनिक गरिएको छ । 'दुई चुल्ठी बाटन' बोलको गीतमा निशान भट्टराई र मेलिना राईको युगल स्वर रहेको छ भने बी पाण्डेको शब्द रचना र सुभाष भुषालको संगीत छ । लोक शैलीको छनक दिने गीतमा फिल्मका मुख्य अभिनेता विपिन कार्की र अभिनेत्री आँचल शर्माको नृत्य प्रस्तुत छ ।

पशुपतिनाथ परिसरमा छायांकन गरिएको गीतमा आँचललाई अभिनेत्रीकै रुपमा प्रस्तुत गरिएको छ । उनले एक गीतको छायांकन गरिरहेकी हुन्छिन् । र, सुटिङ हेर्न पुगेका भष्मे डन (विपिन) आफू हिरो भएर आँचलसँग नृत्य गरेको कल्पनामा डुब्छन् । प्रविन सिंहको नृत्य निर्देशन रहेको गीतमा विपिनको गेटअप र नृत्य शैली रोचक छ । गीतको अडियो र भिडियो दुवै पक्ष प्रशंसनीय छ ।

खगेन्द्र लामिछानेको लेखन तथा निर्माण रहेको फिल्ममा विपिनसँगै सौगात मल्ल, स्वस्तिमा खड्का, रविन्द्र सिंह बानियाँ, माओत्से गुरुङ, प्रकाश घिमिरे, लोकेन्द्र लेखक, मिस्श्री थापा, सजन थापा मगर, विभु पौडेल, प्रकाश दाहाल, संजोग रसाइलीलगायतको अभिनय छ । खगेन्द्र लामिछाने र वर्षा सिवाकोटी विशेष भूमिकामा छन् । आँचल फिल्मको 'दुई चुल्ठी बाटन' गीतमा मात्र छिन् ।

फिल्ममा निरज कँडेलको डिओपी, कृष्ण थापाको छायांकन, दीर्घ खड्काको सम्पादन, किरण भुषाल, कृष्ण भारद्वाज तथा सुभाष भुषालको संगीत छ । पशुपति प्रसाद चरित्रको मृत्युपछि पशुपति क्षेत्रमा अस्तित्व स्थापित गर्न संघर्षरत भष्मे डनको जीवनमा एउटा पात्रको प्रवेशपश्चात् सुरु भएको परिचय र आत्मसम्मानको लागि गर्ने शक्ति संघर्षको कथामा फिल्म केन्द्रित रहेको जनाइएको छ ।

सात वर्षअघि प्रदर्शनमा आएको सुपरहिट फिल्म 'पशुपति प्रसाद'को चरित्र केन्द्रित सिक्वेलको रुपमा निर्माण भएको फिल्म आगामी दशैंमा प्रदर्शनमा आउँदैछ । तर, अहिलेसम्म प्रदर्शन मिति यकिन भैसकेको छैन । फिल्मले फूलपाती या घटस्थापनामध्ये एउटा रोज्न सक्नेछ । निर्देशक खनालले अर्थपूर्ण सिक्वेल बनेको दाबी गरेका छन् । फिल्ममा विपिनले भष्मे डनको चरित्र निभाएका छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# बागमती नदीमा २५ किलोमिटर र्‍याफ्टिङ गरिने



काठमाडौं/र्‍याफ्टिङ खेल प्रवर्द्धन गर्ने तथा वागमती नदीलाई स्वच्छ राख्ने उद्देश्यले वागमतीमा र्‍याफ्टिङ र्‍याली हुने भएको छ । जिल्ला समन्वयन समिति, काठमाडौंको आयोजना तथा नेपाल र्‍याफ्टिङ एण्ड क्यानोइङ संघको प्राविधिक सहयोगमा आगामी शनिबार एक दिने र्‍याफ्टिङ हुन लागेको हो ।

जिल्ला समन्वयन समिति काठमाडौंले बिहीबार पत्रकार सम्मेलन आयोजना गर्दै सबै स्थानीय निकायको सहकार्यमा हामी सँगसँगै सहकार्य गरौं भन्ने नारा लिएर ऐतिहासिक बागमति नदीमा र्‍याफ्टिङ र्‍याली गर्ने जानकारी दिएको हो । गोकर्णेश्वर नगरपालिकास्थित सुन्दरीजलदेखि शुरु भएको र्‍याफ्टिङ कीर्तिपुर नगरपालिकाको चोभार पुगेर समापन हुनेछ ।

जिल्ला समन्वयन समिति, काठमाडौंका प्रमुख सन्तोष बुढाथोकीले काठमाडौं जिल्लाभित्र रहेको काठमाडौं महानगरपालिका सहित दश वटै स्थानीय निकायले वागमती सभ्यतालाई जोगाउने अभियानमा साथ दिने बताए ।

कुल ४५ वटा डुङ्गाले सुन्दरजलदेखि चोभारसम्म २५ किलोमिटरको दूरी पार गर्नेछ । प्रत्येक ढुङ्गामा एउटा गाइडसहित जनप्रतिनिधि र स्थानीय गरी छ जना हुने नेपाल र्‍याफ्टिङ एन्ड क्यानोइङ संघका अध्यक्ष राजीव श्रेष्ठले जानकारी दिए ।

बिहान ७:३० देखि शुरु भएको यात्रा साँझ ५:३० सम्म सञ्चालनमा हुनेछ । यस अवधिमा सुन्दरीजलबाट उत्तर गयासम्म ८ किलोमिटर यात्रा गरेपछि पहिलो चेक पोइन्ट अन्त्य हुनेछ । त्यसपछि उत्तर गयाबाट गोकर्णेश्वर मन्दिरसम्म पाँच किलोमिटर र्‍याफ्टिङ हुनेछ । सोही मन्दिरबाट एल्लो ब्रिजसम्म चार किलोमिटरको यात्रा गरेपछि तेस्रो चेक पोइन्ट सकिनेछ ।

त्यस्तै अन्तिम चेक पोइन्ट एल्लो ब्रिजदेखि ८ किलोमिटरको यात्रा चोभारमा गएर टुङ्गिङने आयोजक जिल्ला समन्वयन समिति, काठमाडौंकले जनाएको छ । आयोजक जिल्ला समन्वयन समिति काठमाडौंकले यो अभियानबाट वागमती नदीमा पनि र्‍याफ्टिङ गर्न सकिन्छ भन्ने सन्देश दिने, नदीलाई स्वच्छ र सुन्दर बनाउने र नदीमा प्रदुषण नियन्त्रणका लागि जनचेतना अभिवृद्धि गर्ने विश्वास व्यक्त गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# स्पष्ट परराष्ट्र नीतिले आर्थिक क्षमता वृद्धि हुन्छ : अर्थमन्त्री

काठमाडौं/अर्थमन्त्री डा. प्रकाशशरण महतले राज्यको आर्थिक एवम् सामाजिक नीतिलाई कार्यान्वयन गर्ने क्षमता र परराष्ट्र सम्बन्धलाई सशक्त ढंगले प्रस्तुत गर्ने क्षमता नेपालले विकसित गर्नुपर्ने आवश्यकता रहेको बताएका छन् ।

बिहीबार इन्स्टिच्युट फर स्टाटेजी एन्ड सोसियो इकोनोमिक रिसर्चले आयोजना गरेको साना राज्यको क्षमतासम्बन्धी गोष्ठीमा नेपालमा नेभिगेटिङ प्रतिस्पर्धा र परराष्ट्र नीतिका प्राथमिकताबारे सम्बोधन गर्दै मन्त्री डा. महतले यस्तो बताएका हुन् । 'प्रतिस्पर्धाको बीचमा कसरी हाम्रो प्राथमिकता सेट गर्नुभन्दा अगाडि हामीले हाम्रो क्षमता वृद्धि गर्नुपर्ने आवश्यकता छ' उनले भने । यो क्षमता वृद्धि नभएकाले आर्थिक क्षेत्रमा विश्व समुदायले नेपाललाई 'स्मल टाइनी' उपाधि दिइरहेको उनले बताए । सानो वा ठूलो देशले आनो देशलाई केन्द्रविन्दूमा राखेर परराष्ट्र नीति सञ्चालन गरेका हुने भन्दै उनले कस्तो खालको परराष्ट्र नीति अवलम्बन गर्दा राष्ट्रहित र राष्ट्रिय स्वार्थको परिपूर्ण हुन्छ, त्यसैका आधारमा परराष्ट्र नीति सञ्चालन हुनुपर्ने उनको भनाइ छ ।

चीन, भारत वा अमेरिकासँग हामीले डिल गर्दा नेपालको स्वार्थलाई प्राथमिकतामा राखेर कुरा गर्दा नेपालले आनो कुरा गरिरहेको ती मुलुकले बुझ्ने उनले बताए ।

'यो आवश्यकता र अधिकार हो भनेर प्रस्तुत हुने हो भने हामीले धेरै अन्तर्राष्ट्रिय सहयोग प्राप्त हुनेछ । गुडविललाई हामीले सहयोगमा रुपान्तरण गर्न सक्छौं । यो सम्भावनालाई हामीले पूर्णरुपमा उपयोग गर्न सकेका छैनौं' उनले भने । आर्थिकरुपमा स्थापित हुन् राजनीतिक स्थायित्व चाहिने भन्दै उनले यसमा समस्या रहेको बताए । नेपालको निर्वाचन प्रणालीमा सुधार आवश्यक रहेको भन्दै उनले समानुपातिक व्यवस्थालाई कायमै राखेर निर्वाचन प्रणाली सुधार गर्ने ठाउँ रहेको समेत बताए ।

# बागमतीका ७१ पालिकामा न्यायिक सहजकर्ता राख्ने तयारी




साझाकुरा संवाददाता

हेटौंडा, १४ भदौ/ बागमती प्रदेश सरकारले प्रदेशका मकवानपुरसहित अन्य जिल्लाका ७१ वटा गाउँपालिकामा न्याय सम्पादनमा सहजीकरण गर्न न्यायिक सहजकर्ता नियुक्त गर्ने भएको छ ।

यसका लागि प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले गाउँपालिकाहरुमा न्यायिक सहजकर्ता नियुक्तिका लागि भन्दै मंगलबार सूचना प्रकाशन गरेको छ । प्रदेशको ११ जिल्लाका ७१ पालिकामा सहजकर्ता नियुक्तिको प्रक्रिया अगाडि बढाएको मन्त्रालयका सचिव ध्रुब गैंडाले जानकारी दिए । सचिव गैंडाका अनुसार प्रदेशको ७४ मध्ये ७१ वटा गाउँपालिकामा न्यायिक सहजकर्ता नियुक्तिका लागि मंगलबार सूचना प्रकाशन गरेको हो ।

मन्त्रालयले न्यायिक सहजकर्ताहरुलाई करारमा नियुक्त गर्न लागेको सचिव गैंडाले जानकारी दिए । उनले सम्बन्धित गाउँपालिकाको समन्वयमा प्रतिपालिका एकजना सहजकर्ता नियुक्त गर्ने गरी सूचना जारी गरिएको बताए । गाउँपालिकामा रिक्त रहेका सहायकस्तर पाँचौं तहमा न्यायिक सहजकर्ताको पदपूर्तिका लागि २०८१ असार मसान्तसम्मका लागि करारमा पदपूर्ति गर्न मन्त्रालयले सूचना निकालेको उनको भनाइ छ ।

स्थानीय न्यायिक सहजकर्ता 'नियुक्ति तथा परिचालन' कार्यविधि, २०८० बमोजिम मन्त्रालयले ललितपुर, मकवानपुर, चितवन, धादिङ, नुवाकोट, रामेछाप, दोलखा, रसुवा, काभ्रे, सिन्धुपाल्चोक र सिन्धुलीका ७१ गाउँपालिकामा न्यायिक सहजकर्ता नियुक्त गर्न सूचना जारी गरेको हो । तर, प्रदेशका तीनवटा गाउँपालिकाले भने प्रदेश सरकारमार्फत न्यायिक सहजकर्ता नियुक्त नगर्ने जनाएका छन् । सचिव गैंडाका अनुसार सिन्धुलीको गोलन्जोर गाउँपालिका, रामेछापको उमाकुण्ड गाउँपालिका र सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिकाले भने न्यायिक सहजकर्ता माग गरेका छैनन् ।

उनले ती गाउँपालिकाले आफ्नै स्रोतबाट न्यायिक सहजकर्ता नियुक्त गर्ने गरी प्रदेश सरकारमार्फत् माग नगरेको बताए । सचिव गैंडाका अनुसार यो पदका लागि प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेकाहरुले आवेदन दिन सक्नेछन् भने स्थानीय र कानुन अध्ययन गरेकाहरुलाई प्राथमिकता दिइनेछ । यो पदका लागि सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र मन्त्रालयमा आवेदन दिन सक्ने बताइएको छ ।

# थाहामा गोठमै लम्पी स्किन खोप लगाईंदै

साझाकुरा संवाददाता

हेटौंडा, १४ भदौ/ मकवानपुरको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिका पशुविकास शाखाको सक्रियतामा पशुवस्तुलाई गोठमै पुगेर लम्पी स्किन खोप लगाइएको छ । पालिकाले अभियान नै सञ्चालन गरेर खोप लगाएको हो । भेटेरीनरी तथा पशुसेवा विज्ञकेन्द्रबाट प्राप्त भएको खोप समेत पशुहरुलाई लगाइएको छ । किसानले पालेको पशु क्षति हुनबाट जोगाउनका लागि अभियान संचालन गरिएको हो ।

खोप अभियानअन्तर्गत थाहाका १ हजार १ सय ५० पशुलाई लम्पी स्किनविरुद्धको खोप लगाइएको पशु लगाइएको पशु विकास शाखाका रुपेशकुमार मिश्रले जानकारी दिए । खोप थाहा नगरपालिकाको वडा नम्बर ५ र ७ बाहेकका अरु १० वटा वडामा लगाइएको हो । सबैभन्दा बढी वडा नम्बर ६ मा २ सय २५ पशुलाई लगाइएको छ ।

नगरपालिकाको पशु शाखाबाट वडा नम्बर १ मा २५ वटा पशुवस्तुलाइृ खोप लगाइएको छ । वडा नम्बर २ को १ सय ५०, वडा नम्बर ३ को १ सय ५, वडा नम्बर ४ को ९५, वडा नम्बर ६ को २ सय २५, वडा नम्बर ८ को १ सय ५०, वडा नम्बर ९ को ७९, वडा नम्बर १० को १ सय ४६, वडा नम्बर ११ को ७५ र वडा नम्बर १२ को १ सयवटा पशुवस्तुलाई खोप लगाइएको हो ।

थाहामा ३ सय १० वटा पशुमा लम्पी स्किन रोग संक्रमण भएको शाखाको रिपोर्ट छ । संक्रमण भएकामध्ये ३४ वटाको मृत्यू भएको छ । सबैभन्दा बढी संक्रमित वडाका रुपमा ८ नम्बर रहेको छ । यस वडामा ८१ पशुमा लम्पी स्किनको संक्रमण देखिएको पशु विकास शाखाले जनाएको छ । सबैभन्दा कम वडा नम्बर १ को ७ वटा पशुमा मात्र संक्रमण देखिएको छ । खोप लगाउनै बाँकी वडा नम्बर ५ मा ११ वटा र ७ नम्बर वडामा ७० पशुमा संक्रमण रहेको पाइएको छ ।

लम्पी स्किनबाट मृत्यूहुने पशु संख्यामा वडा नम्बर १, २ र ५ मा १/१ वटा पशुको मृत्यू भएको छ । वडा नम्बर ४ मा ८ वटा, वडा नम्बर ६ र ९ मा ३/३ वटा, ७ मा ६ वटा वडा नम्बर ८ मा ९ वटा र वडा नम्बर १० मा २ वटा पशुको लम्पी स्किन रोगका कारण मृत्यू भएको पशुशाखाले जनाएको छ ।

# महिला विभागद्वारा सामूहिक रक्षाबन्धन



साझाकुरा संवाददाता

हेटौंडा, १४ भदौ/प्रेस चौतारी नेपाल मकवानपुरअन्तर्गत्को महिला विभागले जनैपूणिर्माको अवसरमा सामुहिक रक्षाबन्धन कार्यक्रम आयोजना गरेको छ ।

दाजुभाइ र दिदीबहिनी बीच प्रेमको प्रतिक मानिने रक्षाबन्धनमा पत्रकार महिलाहरुले पुरुषहरुलाई रक्षाबन्धन (डोरो) बाँधिदिएर पर्व मनाइएको हो । पत्रकार महिलाहरु र पुरुष पत्रकारबीच आपसी भातृत्व, प्रेम अझै प्रगाढ रहोस भनेर पर्व मनाइएको आयोजक महिला विभागले जानकारी दिएको छ । कार्यक्रममा पत्रकार महिला तथा पुरुषहरुले आपसमा सामुहिक रक्षाबन्धन बाँधेर शुभकामना आदनप्रदान गरेका थिए । महिलाहरुलाई हरेक वर्ष तीजमा पुरुषहरुले विशेष कार्यक्रम आयोजना गर्ने दर खुवाउने रमाइलोमा सहभागी गराउने गरेको भए पनि प्रेस चौतारी मकवानपुरमा पुरुषहरुको लागि जनैपूर्णिमाको दिन रक्षाबन्धन बाँधेर पर्व मनाइएको यो पहिलो पटक हो ।

समाजलाई सही मार्गमा ल्याउन तथा सही संस्कारको मार्ग दर्शकको रुपमा समेत पत्रकारिताले योगदान गर्न सक्ने प्रेस चौतारी नेपाल पूर्वकेन्द्रीय सदस्य सरिता दाहालले बताइन् । पत्रकारिताको क्रममा संधैं एउटै फिल्डमा हिड्ने क्रम आपतविपत पदा महिला पुरषले दाजुभाइ र दिदीबहिनीका रुपमा सहयोग, भातृत्व, अभिभावकत्व र मित्रताको आभाष संधै भएको उनले बताएकी छन् । औपचारिका रुपमा यसरी कार्यक्रम गरेको भन्दै र यो अवसर दिएकोमा चौतारी मकवापुर महिला विभागलाई दाहालले धन्यवाद दिइन् । नेपाली संस्कृती र परम्परालाई समान मान्यता दिनको लागि पनि यस्ता कार्यक्रमहरु आवश्यक रहेको उनको भनाइ छ ।

यसैगरी, चौतारी मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीले चौतारी महिला विभाग रचनात्मक काममा लागि परेको भन्दै प्रशंसा गरे । 'यसरी नेपाली संस्कृति र परम्पराको जगेर्नामा हाम्रा साथीहरु लाग्नु भएको छ, यो कामको उच्चप्रशंसा गर्न लायक छ ।,' अधिकारीले भने । कार्यक्रममा चौतारीका पूर्वकेन्द्रीय सदस्यहरु दिपेन्द्र रोक्का, उज्वल अधिकारी, प्रदेश कमिटी सदस्यहरु दिपेश दाहाल, नवीन तिमल्सेना, जिल्ला कमिटीका पदाधिकारी तथा सदस्यहरुको सहभागिता रहेको थियो । कार्यक्रम चौतारी मकवानपुर उपाध्यक्ष एवम् महिला विभाग प्रमुख सुनिता विष्टको सभाध्यक्षतामा भएको थियो ।

# आयल निगमको बेथिति झल्काउने गण्डकी डिपो

काठमाडौं/नेपाल आयल निगमको गण्डकी प्रादेशिक कार्यालय, गगनगौंडा (पोखरा)ले २५ साउनमा एक पम्पका लागि डिजेल बिक्री गऱ्यो । आयातकर्ता पम्पले निगमलाई १२ हजार लिटरको १८ लाख ३६ हजार रुपैयाँ पैसा तिरे । निगमको हिसाबमा पनि १२ हजार लिटर डिजेल बिक्रीबापत सो रकम भुक्तानी भएको देखिन्छ ।

तर, डिपोबाट केही पर मात्रै पुगेको ट्यांकरलाई नियन्त्रणमा लिएर प्रहरीले चेकजाँच गर्दा ट्यांकरमा १५ हजार लिटर डिजेल भेटियो । अर्थात्, बिक्री गरेको भनिएको भन्दा ३ हजार लिटर धेरै तेल डिपोबाट पम्पमा गएको भेटियो, जसको मूल्य ४ लाख ५९ हजार रुपैयाँ हुन्छ ।

एउटा ट्यांकरमा एकैपटकमा बिल परिमाणभन्दा साढे ४ लाख रुपैयाँ बढीको इन्धन बिक्री गर्ने कार्य संगठित रुपमा भएको भन्दै डिपो प्रमुख चित्तरञ्जन दास र ट्यांकर मालिक लगायतलाई कारबाही गर्न कास्की जिल्ला प्रशासनले अख्तियारलाई पत्राचार गरेको थियो । अवैध तेल नियन्त्रणबारे २५ साउनमा सञ्चार कर्मीसँग कुरा गर्दै कास्कीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले भनेका थिए, 'अवैध तेल बिक्रि गरेर सरकारी सम्पत्तिमा हानी पुऱ्याउने गरेको सूचनाका आधारमा हामीले चेकजाँच गरेका थियौं ।'

तेल चोरीको प्रमाण सहित ट्यांकर बरामद भएपछि अहिले दासविरुद्ध ठगी मुद्दा दायर गरिएको छ । मुलुकी अपराध संहिताअन्तर्गत आपराधिक विश्वासघात (ठगी) अभियोगमा जिल्ला अदालत कास्कीमा २९ असारमा मुद्दा दर्ता भएको हो । यससँगै उनी निलम्बनमा परेका छन् ।

तेलको अवैध कारोबार यसअघि पनि पटक-पटक हुने गरेको सूचना आएपछि प्रशासनले उक्त जाँच गरेको र त्यो सावित भएको भन्दै घिमिरेले थप कारवाहीका लागि अख्तियारलाई पत्राचार गरेका थिए । अहिले उक्त डिपोको अनियमितता अख्तियारको पोखरा कार्यालयले छानबिन गरिरहेको छ ।

अनुसन्धानको प्रारम्भिक चरणमा देखिएका तथ्यहरुले जनताको करबाट तलब भत्ता र सुविधा लिएका कर्मचारीहरुले कतिसम्म बेथिति गर्न सक्छन् भन्ने उदागिन्छ । हाकिमलाई खुसी




बनाउन माछा उपहार पठाउनेदेखि तेल चोरी गरेर बिक्री बापतको र कम निगम नेतृत्वसम्म पुग्ने गरेको विवरणहरुमा अख्तियारले छानबिन थालेको छ ।

**५ सय किलो माछा हाकिमका घरघरमा**

अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय पोखराले भदौ १२ गते निगमको पोखरा डिपोलाई ११ वटा प्रश्न सोधेको छ । जसमा एउटा रोचक प्रसंग छ 'काठमाडौंको केन्द्रीय कार्यालयमा ५ सय किलो पोखराको माछा बाँडेको विषय !' अख्तियारले भनेको छ 'पोखराको स्पेशल माछा भन्दै गाडी नै रिजर्भ गरेर वितरण गरेको भन्ने विषय के हो प्रष्ट प्रतिक्रिया र व्यहोरा खुलाई पाउँ ।'

जानकारहरुका अनुसार २०७९ पुसमा निगमको केन्द्रीय कार्यालयको हातामा ५ सय किलो माछा बोकेको गाडी आएको थियो । पोखरा डिपोका हाकिमले पठाएको भन्दै त्यो माछा केन्द्रीय कार्यालयका सबैलाई बाँडिएको थियो ।

'पोखराको स्पेशल माछा भन्दै कार्यालयका निर्देशक, ट्रेड युनियनका नेता, उपनिर्देशकदेखि डीजीएम र जीएमको घरघरमा पुग्नेगरी माछा बाँडिएको थियो,' केन्द्रीय कार्यालयका एक कर्मचारीले भने, 'सबैको गाडीमा माछा राखिएको थियो भने सो माछा मन्त्रालयसम्म पनि पुऱ्याइएको थियो ।' निगम स्रोतका अनुसार आफूलाई आकर्षक कार्यालयमा पठाएको भन्दै तत्कालिन डिपो प्रमुख चित्तरन्जन दासले उक्त माछा पठाएका थिए । सोही माछाबारे अख्तियारले जवाफ मागेको हो ।

**ठेकदारलाई रजाइँ**

आयल निगम पोखरा कार्यालयले ५ लाख रुपैयाँ बराबर को योजना करोडौं रुपैयाँको भौतिक निर्माणका काम गरेको अख्तियारले जनाएको छ । जसमा आयोजना पूरा नहुँदै भुक्तानी दिएकोदेखि आफ्नै जिल्लाको ठेकेदार ल्याएर निगमको स्रोत सम्पत्तिको चरम दोहन गरेको विषय पनि अख्तियारले जवाफ माग गरेको छ ।

निगमको गाडी, तेल र अन्य सुविधाहरु ठेकदारलाई सित्तैमा उपलब्ध गराएको पनि आख्तियारले जनाएको छ । अधिक मूल्याङ्रुकन गरेर गेटको स्टिमेट बनाइएको, अपार दर्शी ढंगबाट साना योजना बनाएर भुक्तानी गरिएको, गत वर्ष मात्रै लाखौं रुपैयाँ खर्च गरेर रङ्गरोगन गरिएको संरचनामा कमिसनको लोभमा पुन: रङ्ग लगाइएको विषयमा अख्तियारले विवरण माग गरेको छ ।

**तेल चोरी, डिपोको रकम अनियमितता**

अख्तियारले तोल चोरी र अपचलन गरेको तथा डिपोको बजेट अपचलन गरेको विषयमा पनि अनुसन्धान सुरु गरेको छ । डिपोको तेलको विवरण र आम्दानी दुरुस्त नभएको, डिपोको प्रशासनिक खर्चमा अनियमितता गरेको, डिपोको विनियोजित बजेट र खर्चको हिसाब नमिलेकोबारे पनि निगमबाट आयोगले जवाफ मागेको छ ।

नेपाल आयल निगमको केन्द्रीय कार्यालयले भने पोखरा घटनाका विषयमा भइरहेको छानबिनलाई सघाइरहेको जनाएको छ । पोखरामा भएको घटनामा अहिले अख्तियार र जिल्ला प्रहरी कार्यालय कास्कीबाट अनुसन्धान भइरहेको निगमका प्रवक्ता मनोज ठाकुरले बताए । 'अनुसन्धान भइरहेको कुरा साँचो हो, अनुसन्धानको क्रममा रहेको विषयमा थप बोल्न मिल्दैन,' उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

# वडा कार्यालयमै नि:शुल्क फोटोकपी र निवेदन सेवा

साझाकुरा संवाददाता

हेटौंडा, १४ भदौ/ सेवाग्राहीको समस्या पहिचान गरेर हेटौंडाको १५ नम्बर वडाले नि:शुल्क फोटोकपी र निवेदन सेवा सुरु गरेको छ ।

सेवाग्राहीलाई फोटोकपी गर्न छुट्दा पर्ने मसस्या र निवेदन लेख्न आइपर्ने संकटको समाधान निकाल्दै १५ नम्बर वडाले नि:शुल्क सेवा दिन थालेको हो ।

वडा कार्यालयले १३ भदौबाट वडामा आउने सेवाग्राहीलाई नि:शूल्क सेवा प्रदान गरेको वडा अध्यक्ष सुनिल मोक्तानले जानकारी दिए । यसअघि सेवाग्राहीलाई कुनैपनि कागजपत्रको फोटोकपी गर्दा र निवेदन लेखाउन पर्दा खर्च गर्नुपर्ने बाध्यता थियो । वडाले सेवा दिएपछि सेवग्राहीलाई उक्त समस्या नहुने वडाध्यक्ष मोक्तानले बताए ।

आफ्नो वडा हेटौंडा उपमहानगरपालिका भित्रका वडा भए पनि भौगोलिक हिसाबले विकट भएकोले टाढाबाट महँगो अटो भाडा तिरेर आउनुपर्ने दु:खका बीच वडाले सेवा सुरु गरेको उनको भनाई छ । मुक्तानका अनुसार वडाकै एक जना कर्मचारीलाई जिम्मा दिएर निवेदन फोटोकपीलगायतको सेवा विस्तार गरिएको छ ।

# ८ वर्षपछि मानव आवतजावतका लागि खुल्दै तातोपानी नाका

काठमाडौं/महाभूकम्प २०७२ पछि पहिलो पटक मानव आवतजावतका लागि तातोपानी नाका खुला हुने भएको छ । तिब्बतस्थित नेपाली महावाणिज्य दूतावासका अनुसार चिनियाँ अधिकारीहरुसँगको बैठकले ८ वर्षपछि सो नाका भएर मानव आवतजावत खुला गर्ने निर्णय गरेको हो ।

शुक्रबार (१ सेप्टेम्बर)देखि सो नाका सञ्चालनमा ल्याउन समझदारी भएको महावाणिज्यदूत नवराज ढकालले जानकारी दिए । समझादारीमा नाकाबाट यात्रुहरुको आवतजावत खुला गर्ने भनिए पनि तत्कालका लागि भने स्थानीयका लागि मात्रै नाका खुल्ने छ ।

तातोपानीको पारिपट्टीको चिनियाँ बजारसम्म पुग्नका लागि तातोपानी स्थिर अध्यगमन कार्यालयले पास वितरण सुरु गरेको छ । अध्यागमनले जारी गरेको एकवर्षे अवधिको पास पाएकाहरुले शुक्रबार देखि चीनतर्फ प्रवेश पाउने कार्यालयले जनाएको छ । तातोपानी भन्सार कार्यालयका अनुसार चीनतर्फ प्रवेशका लागि शुक्रबारदेखि नाका खुलाको तयारी सकिएको छ ।

'अहिले खासा बजारसम्म पनि जान नदिने भन्ने छ । चिनियाँ बजारसम्म पुग्नेगरी पास जारी भइरहेको छ,' भन्सार प्रमुख दयानन्द केसीले भने, '२०७२ सालको भूकम्पछि पहिलो पटक मानव आवतजावतका लागि यो नाका खुला हुँदैछ ।'

भोटेकोशी गाउँपालिका-२ का वडाध्यक्ष कुमार श्रेष्ठले पनि मानव आवतजावतका लागि ८ वर्ष पछि नाका खुला हुन लागेको बताए ।

'कोभिड-१९ पछि श्रमिकहरु सामान लोड गर्न गएका थिए, त्यो एकतर्फी थियो' वडाध्यक्ष श्रेष्ठले भने, 'तर, शुक्रबारदेखि अनुमति नै जारी गरेर मानव आवतजावत खुल्ला हुँदैछ ।'

*(स्रोत: अनलाइनखबर)*

**सूचना ! सूचना ! सूचना !**

यही आउने भदौ १६ गते काठमाडौं शहिद गंगालाल हृदय केन्द्र काठमाडौंबाट बरिष्ठ मुटु रोग विशेषज्ञ डा. विवेक बानियाँ आउनु हुने भएकोले मुटु सम्बन्धि समस्या भएको, उच्च रक्तचाप ( High Blood pressure) कोलेस्ट्रोल सम्बन्धि समस्या भएको नयाँ तथा पुरानो बिरामीहरुले सम्पर्क गर्नुहोला ।

**हाम्रो सेवाहरू :**

☞ ECHO मुटुको भिडिओ एक्स-रे सेवा
☞ E.C.G. भिडिओ एक्स-रे सेवा
☞ प्याथोलोजी सेवा
☞ फिजियो थेरापी सेवा
☞ दाँत सम्बन्धि सम्पूर्ण रोग उपचार
☞ छाला तथा यौन रोग विशेषज्ञ सेवा
☞ स्त्री तथा प्रसुती सम्बन्धी सेवा
☞ नाक, कान तथा घाँटी रोग सम्बन्धी सेवा

*सम्पर्क :*

**मकवानपुर पोलिक्लिनिक**

हेटौंडा-०१, भिन्तुनापथ
(सञ्चो हस्पिटल अगाडि, मकवानपुर सहकारी हस्पिटल सँगै)
सम्पर्क नं. : ०५७-५२५६०१, ९८४५२३७६११, ९८०७१३१३६४

# मकवानपुरे शक्तिपीठमा जनैपूर्णिमाको चहलपहल

साझाकुरा संवाददाता

हेटौंडा, १४ भदौ/ जनै पूर्णिमा पर्वको अवसरमा मकवानपुरका शक्तिपीठ, दिवालयमा भक्तजनको चहलपहल बढेको छ । जिल्लाकाका विभिन्न धार्मिकस्थल र तलाउमा बिहीवार बिहानदेखि भक्तजनको घुइँचो बढेको हो ।

हेटौंडा उपमहानगर पालिका-४, स्थित पशुपति मन्दिरमा भक्तजनहरुको भीड लागेको वडाअध्यक्ष नवीन सिग्देलले जानकारी दिए । मन्दिर परिसरमा रक्षाबन्धन बाँधिदिन पण्डितहरुको पनि उपस्थिति थियो । जिल्लाको मनहरी, राक्सिराङ, मकवानपुरगढी, बकैयामा रहेका शक्तिपीठ र शिवालयमा भक्तजनहरुले जनैपूर्णिमाको अबसर म पूजाआजासँगै जनै र रक्षाबन्धन लगाएका थिए । जनैपूर्णिमाको अबसरमा सार्वजनिक विदा रहेकाले जिल्लास्थित मकवानपुरगढी दरबार लगायतका पर्यटकीय क्षेत्रमा आन्तरिक पर्यटकको बाक्लो उपस्थिति थियो ।

प्रत्येक वर्ष मनाइने जनैपूर्णिमा पर्व बिहीवार देशभर नयाँ जनै फेरेर र रक्षाबन्धन (डोरो) बाँधेर मनाइएको छ । बिहानैदेखि वैदिक सनातन धर्मावलम्बीले नदी, ताल, तलाउ, पोखरीमा गई स्नान गरेर गुरुपुरोहितबाट रक्षासूत्र बाँधेका हुन् । गुरु पुरोहितले विधिपूर्वक मन्त्रिएको डोरो (रक्षासूत्र) धारण गरेमा नकारात्मक तत्वबाट सुरक्षा प्राप्त हुने धार्मिक विश्वास छ । मानवरक्षाका लागि जप, तप र पूजा गरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो वैदिक परम्पराको मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितले यजमानको दाहिने नाडीमा बाँधिदिने गरिन्छ । यसैदिन ब्राह्मण, क्षत्री र वैश्य गरी तीन वर्णका तागाधारीले आफ्नो जनै फेर्नुपर्ने विधान शास्त्रमा उल्लेख छ ।

तागाधारीले पूर्णिमाका दिन बिहानै पोखरी, ताल, तलाउ, नदी र कुण्डमा गई स्नान गरी जौ, तिल र कुशद्वारा ऋषिहरुलाई तर्पण गरी वैदिक रुद्राभिषेक पद्धतिबाट मन्त्रिएको नयाँ जनै (यज्ञोपवीत) फेर्ने गर्दछन् । अरुन्धतीसहित कश्यप, अत्रि, भारद्वाज, विश्वामित्र, गौतम, जमदग्नि, वशिष्ठ र अगस्त्य गरी आठ ऋषिलाई पूजा एवं तर्पण गर्ने भएकाले जनैपूर्णिमाको दिनलाई ऋषितर्पणी पनि भन्ने गरिन्छ । वैदिक परम्पराअनुसार यज्ञोपवीत अर्थात जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागो भनिन्छ । नेपालको तराई क्षेत्रमा भने दिदीबहिनीले दाजुभाइलाई राखी बाँधेर यो पर्व मनाइन्छ । यसबाट दिदीबहिनी र दाजुभाइका बीचमा प्रेमसम्बन्ध बढ्छ भन्ने सामाजिक मान्यता छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३